# फुटेका कुण्डहरु

आउनुहोस् हामी प्रार्थना गरौ। प्रभु, अब हामी विश्वास गर्दछौ। हामी परमेश्वरको पुत्रमा विश्वास गर्दछौ र, यसद्वारा, हामी अनन्त जीवन उहाद्वारा स्वीकार गर्दछौ। अब, हामी फेरी पनि भेला भएका छौ, यस दिउसोको समयमा, या यो साँझमा, अर्को सेवाको निम्ति, सन्देशको निम्ति तपाईमा भरोसा राखी र आज राती तपाईले के भन्नुहुन्छ त्यसको निम्ति आउदछौ। हामी तपाईमा विश्वास गर्दछौ, प्रभु, र हामी तपाईमा प्रतिक्षा गर्दछौ। र तपाईले भन्नुहुन्छ, "तिनीहरू जसले परमप्रभुमा प्रतिक्षा गर्दछन् तिनीहरूको बल फेरी नयाँ पारिनेछ; तिनीहरू चिलझैँ माथि—माथि उड्नेछन्।" र हामी प्रार्थना गर्दछौ, परमेश्वर कि जसै हामी तपाईमा पर्खदछौ, तपाई हामीलाई ती माथि—माथि उड्ने शक्ति आजको रात प्रदान गर्नुहुनेछ।

2 हामी तपाईलाई यी मानिसहरूको निम्ति, र तिनीहरू तपाईको लागि के अर्थ राख्दछन् र मेरो निम्ति के अर्थ राख्दछ त्यसको निम्ति धन्यबाद दिदछौ। त्यसको निम्ति म तपाईलाई धन्यबाद दिदछु, पिता। तिनीहरू तपाईको गहनाहरू हुन्। र म प्रार्थना गर्दछु, परमेश्वर, आजको यो रातमा, कि तिनीहरूको आवश्यक अनुसार तपाई तिनीहरूमा प्रकट हुनुहुनेछ। यदि यहा बिरामी छन् भने, तिनीहरू निको पारिएको होस्। यदि त्यहा कसैमा संका छ भने त्यसलाई निकाली दिनुहोस्, प्रभु। र मात्र तपाईको उपस्थिति र आशिष दिनुहोस्, किनभने हामीहरूलाई त्यो चाहिन्छ, प्रभु। तपाई नै हाम्रो, सर्व—पर्याप्त हुनुहुन्छ। र तपाई बिना, हामी केहि पनि गर्न सक्दैनौ।

3 हामी प्रार्थना गर्दछौ कि तपाईले गर्नुभएको प्रत्येक कुराको लागि हाम्रो धन्यवाद तपाई प्राप्त गर्नुहुनेछ। येशु ख्रीष्टको नाममा हामी तपाईको आशिषको लागि तत्पर छौ। आमेन।

तपाईहरू बस्न सक्नुहुन्छ।

4 र, ठिक छ, आज आइतबारको रात, गएको आइतबारको रातभन्दा थोरै शितल छ। हामी दाजुभाईहरूको निम्ति आभारी छौ जो यस कुरालाई ल्याउनलाई विश्वासयोग्य भई काम गर्नुभयो। मैले दुई या तिन जनालाई चिन्दछु। भाइ माइक इगान, जसलाई म त्यहा पछाडितिर देख्दैछु, र म...भाइ माइक, र सोथमन, भाइ (म विश्वास गर्छु) रोय रोवरसन, र भाइ वूड, र तिनीहरू सबै, तिनीहरू सबैले यहा तल पसिना बगाउदै थिए, यसलाई भित्र ल्याउने कोशिस गर्दै हुनुहुन्थ्यो ताकि हामीले यो सन्देश पाउन सकौ अहिले या आज। त्यसैले हामी आभारी छौ।

5 अब, अर्को आइतबार बिहान, प्रभुको इच्छा भए, म बिरामी प्रार्थनाको निम्ति चंगाई सेवा गर्न चाहन्छु । र हामी त्यसलाई चंगाई सेवा तोक्दछौ, यदि प्रभुको इच्छा भए।

6 मैले ध्यान दिएको थिए, आज बिहान, त्यहाँ रुमालहरू को गुच्छा छ। मैले तिनीहरूको निम्ति प्रार्थना गरिदिए। र म, तपाईहरू प्रार्थना र भजन गाउदै गर्दा, मैले रुमालहरूको लागि प्रार्थना गरिदिएको थिए; र त्यसपछि त्यहा अझ धेरै छ यहा आज राति। त्यसैले

हामी—हामी विश्वास गर्छौं कि परमेश्वरले बिरामीहरूलाई निको पार्नुभएको छ। त्यसकारण हाम्रो माझमा धेरै चंगाई गवाहिहरू छन्, र सारा संसार भरि छन्, र यसको निम्ति हामी आभारी छौ।

7 र मलाई लाग्छ, अर्को आइतबार, म धेरै समयको लागि टाढा हुनुपर्नेछ, र हामी मात्र शिक्षा र सन्देशलाई यति धेरै समय दिईरहेका छौ, कि मैले सोचे बिरामीको निम्ति प्रार्थना को लागि हामीसंग चंगाईको सेवा भइदिए राम्रो हुनेछ। र हामी भरोसा राख्दछौ कि परमेश्वरले हामीलाई महान समय दिनुहुनेछ।

8 अब, आज राति तपाईहरू धेरै जनालाई धेरै माइल दुरीबाट गाडी चलाउनु पर्छ। त्यसैले आज ब्लु बोर क्याफेटेरियामा मैले केहि समूहसंग कुरा गर्दै थिए जहाँ मैले रातको खान खादै थिए। धेरै राम्रा मानिसहरूसंग, मैले तिनीहरूसंग हात मिलाए र तिनिहरूसंग कुरा गरे, यी मानिसहरू जसलाई मैले पहिले कहिल्यै भेटेको थिइन, तिनीहरू यहा मण्डलीमा आउदछन्। र म ती मित्रहरूको निम्ति आभारी छु, र म तपाईहरू प्रत्येकलाई धन्यवाद दिन चाहन्छु। ती मध्ये कतिजनासंग टिपेर ल्याएको ब्ल्याक बेरी छन्, र हाम्रो निम्ति ल्याउनुभएको छ। र एकजनाले हाम्रो निम्ति एक बाल्टिन सिरप या गुड (मोलासेस) ल्याउनुभएको छ, म विश्वास गर्छु त्यही नै हो, र मात्र कुराहरू हुन्। तपाईलाई थाहा छैन त्यसले कति अर्थ राख्छ भनेर। र बिहानको समयमा, म त्यहा आउछु र घर बाट जाने गर्छु, कहिलेकाही त्यतातिर...

9 अर्को बिहानमा त्यहा केहि भाइ थिए जो वास्तवमै खराब थिए, कुनै लुगाहरू र अरू चिजहरू थिएन, र मैले उनको निम्ति केहि लुगा ल्याइदिएको उनले चाहन्थ्यो । मैले सुरु गरे, र म त्यहा भएको एक बाल्टिनको ब्ल्याक बेरीहरूमा झन्डै ठोकिए। मैले भने, "के तिमीले यी ब्ल्याक बेरीहरू ल्याएका हौ?"

10 र उसले भन्यो, "होइन, यसको बिषयमा मलाई थाहा नै छैन। म यहा दिनको उज्यालोभन्दा अगी आएको थिए, र यो त्यतिबेला नै राखिएको थियो।" र त्यो मेरो असल भाइ रडेलले मेरो लागि ल्याउनुभएको थियो। र, त्यसैले, ती कुराहरू साच्चैनै म कदर गर्छु।

11 केहि क्षण अगाडि, विल्ली पलले मलाई उल्लेख गर्दै थियो कि आज रात यस मण्डली मध्येबाट, तिनीहरूले मेरो निम्ति भेटि उठाएका छन्। म—म तपाईलाई त्यसको लागि धन्यबाद दिदछु। तपाईहरूले त्यो गरेको म चाहन्न थिए। म—म मात्र तपाईहरूको प्रयासलाई कदर गर्दछु, तर त्यो आवश्यक थिएन। र, तर, प्रभुले तपाईलाई आशिष दिऊन्। तपाईलाई थाहा छ, तपाइलाई थाहा छ, बाइबलले भनेको छ, "तिमीहरूले यी मेरा भाइहरू मध्ये सबैभन्दा सानामा एक जनालाई जे–जति गर्यौ।"

12 अब, म तपाईहरूमा यो संदेशमा एकदम सिधा प्रकारले बोलिरहेको छु। र म... कोहि मानिस यो धारणामा हुनसक्छ कि मलाई लाग्छ येशु यहि बिहान या आज राति आउनुहुन्छ। म विश्वास गर्छु। अब, म यो भन्दिन कि उहाले गर्नुहुनेछ। र, फेरी पनि, उहा अर्को हप्तासम्म नआउनुहोला, र या अर्को वर्ष हुनसक्ला, त्यो अर्को दश वर्ष हुनसक्ला। म जान्दिन उहा कहिले आउदै हुनुहुन्छ। तर, त्यहा एउटा कुरा छ मैले चाहेको...तपाईको

मनमा सधै राख्नुहोस्, तपाई प्रत्येक मिनेट या घण्टामा तयार रहनुहोस्। बुझ्नुभयो? कि, यदि उहा आज आउनुभएन भने, उहा भोलि यहा हुन सक्नुहुनेछ। त्यसैले मात्र तपाईको मनमा राख्नुहोस् कि, उहा आउदै हुनुहुन्छ।

13 र म जान्दिन कुन समय मेरो लागि यस पृथ्वीमा अन्तिम घडि हुदछ, न त हामी मध्ये कसैलाई थाहा छ। र त्यहाँ हामीमा कोहि पनि छैन जसलाई उहा कुन समयमा आउनुहुन्छ भनि थाहा छ। उहा आफैलाई समेत थाहा छैन, उहाको वचन अनुसार; उहाले भन्नुभयो, "पितालाई मात्र थाहा छ उहा कहिले आउनुहुन्छ भनि, पुत्र आफैलाई थाहा छैन उहा कहिले आउनुहुन्छ भनि।" त्यो तब हुनेछ जब परमेश्वरले उहालाई पठाउनुहुनेछ। तर हामी उहाको आगमनलाई हेरिरहेका छौ। र यदि उहा मेरो पुस्तामा आउनुभएन भने, उहा अर्कोमा आउन सक्नुहुन्छ, यदि उहा त्यसमा आउनुभएन भने, उहा अर्कोमा आउनुहुनेछ। तर, मेरो लागि, म कुनै पनि समय बाकि रहेको देख्दिन। म मात्र...मेरो लागि, त्यो कुनै पनि मिनेटमा हुनसक्छ। अब, त्यसको अर्थ यो होइन...त्यसको अर्थ होइन, अब, कि तपाईले स्वर्गहरु परिवर्तन भएको र सबै देख्नुहुन्छ...त्यो आगमन होइन जुन मैले भन्दैछु। मैले र्याप्चरको विषयमा बोल्दैछु।

14 बुझ्नुभयो, उहाले तीनवटा आगमनहरु बनाउनुहुन्छ। उहा तीनवटा पुत्रको नाउमा आउनुहुन्छ। उहा त्रिएकमा आउनुहुन्छ: पिता, पुत्र, पवित्र आत्मा। बुझ्नुभयो, सबै यी ख्रीष्ट हो, उहि परमेश्वर, सबै समयमा। अब, हामी जान्दछौ उहा तीनवटा अनुग्रहको कार्य ल्याउनुहुन्छ: न्यायकारण, पवित्रिकरण, पवित्र आत्माको बाप्तिस्मा। परमेश्वरमा सबैकुरा तीनमा पुरा हुन्छ।

15 र त्यसैले उहा पहिले दुलहीलाई उद्धार दिन आउनुहुन्छ। उहा दोस्रो पटक र्याप्चरको रूपमा आउनुहुन्छ, आफ्नो दुलही लिनलाई आउनुहुन्छ। उहा तेस्रो पटक उहाको दुलहिसंग आउनुहुन्छ, राजा र रानी भई; त्यसपछि, जब धेरै मानिसहरुले उहाको आगमन अपेक्षा गरिरहेको हुन्छ।

तर जब उहा यो यहाँ आउनुहुन्छ, अरूले शायदै तर जो तयार छन् तिनीहरुले उहा कहिले आउनुहुन्छ भनि जान्दछन्। त्यहाँ मात्र मानिसहरु अनुपस्थिति हुनेछ। तिनीहरुमा के भयो तिनीहरुले थाहा पाउने छैनन्। तिनीहरु पलमै उठाई लगिनेछन् र तिनीहरु गायब भई जानेछन्। "आँखाको एक निमेषमा, परिवर्तन हुनेछ।" त्यसैले केवल त्यसको लागि तयार हुनुहोस्। प्रेम गरिएको व्यक्तिलाई कुनै विहान याद गर्नु भयानक हुनेछ, कसैले तिनीहरुलाई पत्ता लगाउने छैनन्। के त्यो जान्नु खराब कुरा हुदैन र कि त्यो भूतकालमा भैसक्यो र तपाईले त्यसलाई छुट्टाउनुभयो? त्यसैले परमेश्वरको अगाडि राख्नुहोस्।

16 अब, अर्को हप्ता, प्रभुको इच्छा भए, अर्को सोमबार, यो सोमबारबाट अर्को हप्ता, यदि परमेश्वरको इच्छा भए, म परिवारलाई एरिजोनामा फर्काएर लानेछु जहाँ तिनीहरु विद्यालय जान्छन्, त्यसपछि म—म फर्केर आउनेछु।

17 अब, म त्यहाँ बाहिर जादिन...म त्यहाँ बाहिर जानलाई मसंग कुनै सभाहरु छैन। एरिजोनामा म शायदै बसेको छु। म अरु कुनै ठाउमा गएको छु। म मेरी श्रीमतीलाई त्यहाँ

लानेछु, अर्को सोमबार। म फर्केर फेरी यहाँ आउनेछु। म यहाँबाट ब्रिटिस कोलम्बियामा जानेछु। म कोलोराडो फर्केर आउछु। म फेरी एरिजोनामा लगभग ख्रीष्टमसको नजिकको समयमा हुनेछु, केहि मिनेटको लागि मात्र हुनेछु, लामो समयसम्म पर्याप्त हुनेछ...दुइ या तिन दिनसम्म हुनसक्छ, र यहाँ ख्रीष्टमसको विदामा फर्केर आउनेछु, यदि प्रभुको इच्छा भए, नया वर्षको हप्ताभरी यहा सेवा हुनेछ।

18 त्यसैले म धेरै नै यहा व्यावहारिक रूपले छु। म यहाँ दस गुणा बढि छु, किनकि हामीसंग कुनै मण्डली या सेवा छैन, त्यहाँ केहि पनि छैन, त्यसैले, एक तरिकामा मण्डलीको सेवा हुनेछ। त्यो एउटा खराब कुरा हो त्यस विषयमा। मसंग कुनै ठाउ छैन आफ्नो छोराछोरीलाई यो संदेश सुन्न पठाउनलाई, जसरी तपाइको बच्चाले यहाँ सुन्न पाउछ, र त्यसैले हामीसंग त्यो एउटा समस्या छ। तर तिनीहरु सबै स्वस्थ छन्। सुक्खा, गर्मी, सुक्खा मौसम छ, तर सबै बच्चा स्वस्थ नै देख्छन्। म यो जान्नलाई त्यहाँ काफि समयसम्म बसेको छैन कि यदि यो स्वस्थ छ या छैन। म, म यो कदममा छु र म—म मलाई लाग्छ म केवल एक यात्रीको रूपमा जन्मे।

19 मेरो श्रीमतीले मलाई बोलाउछिन्...मलाई थाहा छ उनी यहाँ छिन्, त्यसैले म यो चर्च पछि भन्छु, तपाईहरु सबै जान्नुहुन्छ। त्यसलाई के भन्छ, स्थानान्तरण बतास, या अशान्त बतास, या जेपनि—जेपनि, तपाई जान्नुहुन्छ, स्थानान्तरण बालुवा? या अर्को शब्दमा म सधै कार्यवाही हुन्छु। र म विवाहित भएको, बाईस वर्ष भयो, र, म, कहिले काहि, म सोच्छु कि म घरमा अन्जान व्यक्ति हुँ, किनकी मलाई बाहिर जान पर्नेहुन्छ।

तर त्यो समयलाई हेर्दैछु जब हामी कुनै दिन आफ्नै मातृभूमिमा बस्छौ। तर अहिले युद्ध चलिरहेको छ, त्यसैले आउनुहोस् प्रार्थनामा रहौ।

20 नबिर्सनुहोस्, अर्को आइतबार विहान प्रभुको इच्छा भए, तपाईहरुका रोगि र पिडितहरुलाई ल्याउनुहोस्। छिटो आउनुहोस्, आफ्नो स्थान लिनुहोस्, र सम्भावतः त्यहाँ प्रार्थना गरिदिनको लागि समूह हुनेछ। हामीले प्रार्थनाको कार्डहरु बाड्नुपर्दछ। यदि त्यहाँ प्रशस्त छैन भने, हामी प्रार्थनाको कार्डहरु दिदैनौ, मात्र दुइ या तिन दर्जन या अरु त्यस्तै लाईन बनाए काफि हुन्छ। तर हामी—हामी सम्भावतः प्रार्थनाको कार्डहरुनै बाड्छौ होला, त्यसैले सम्भावतः हामी यो लगातार हुने सेवाभन्दा एक घण्टा जति अगाडि गर्नेछौ, जुन तरिकामा हुन्छ जस्तो मलाई लाग्छ...त्यो आठ, आठ वा आठ–तिस हुनेछ, तिनीहरुले प्रार्थनाको कार्डहरु दिनेछन्; मण्डली खोल्ने छन्, प्रार्थनाको कार्डहरु अर्को आईतबार बिहान दिनेछन्। र यहा आउनको निम्ति पक्का हुनेछन् तपाईहरुको...तपाईको प्रियहरुलाई ल्याउनुहोस्, तिनीहरुलाई त्यहाँ राख्नुहोस्। त्यो मण्डलीमा राम्रो र शितल हुनेछ, यदि तिनीहरु बिमार छन् भने, र हामी तिनीहरुको निम्ति प्रार्थना गर्नको लागि हर प्रयास गर्नेछौ।

21 फेरी पनि धन्यवाद छ, प्रेमको भेटिको निम्ति।

22 र अब आज राति हामी परमेश्वरको केहि वचनहरु पढ्न जादैछौ, र उहाको फेरी उपस्थितिको परिणामको निम्ति तयार हुनुहोस् जसले हामीलाई उहाको वचन ल्याउदछ।

अब, हामी जान्दछौ हामी मूल पाठ पढ्नसक्छौ, तर परमेश्वरले नै सन्दर्भ प्रकास गर्नुपर्छ। बुज्नुभयो? हामीले मूल पाठ लिन सक्छौ, तर प्रसङ्ग परमेश्वरले नै खोल्नुपर्छ। र तपाईले यार्मियाको पुस्तक, दोस्रो अध्याय पल्टाउदै गर्दा...

23 म भन्न चाहन्छु कि म खुसी छु हामीसंग भाई लि भेल संगै रहदा, प्रभुमा एक अमूल्य भाई हुनुहुन्छ। र म सम्झन्छु यहाँ, यहाको भाई, उहाको नाम म सम्झन सकिराको छैन, भाई विलार्ड क्रेस। र मैले अर्कान्सासबाट आउनुभएका भाईहरु देखे, भाई जोन र अरु, जो पोप्लार ब्लफ वरपरबाट हुनुहुन्छ, र भाई ब्लेर। र, ओ, भाई ज्याक्सन, र भाई रडेल, र अरु धेरै कि म—म मात्र सक्दिन...सबैको नाम बोलाउन पाए हुन्थ्यो, तर म केवल सक्दिन, र तपाई बुझ्नुहुन्छ। भाई बेन ब्रायन्ट, मैले उहालाई यहाँ बसिरहनु भएको देखेको थिए; उहा सामान्यतः मेरो कुनाको आमेन हुनुहुन्छ जब म...सबैले बेनलाई उहाको आवाजबाटै चिन्नुहुन्छ। अ–ह।

24 हामी, एक समय क्यालिफोर्नियामा बसेका थियौ, मैले माथि उपत्यकामा ब्याप्टिष्टका मानिसहरुलाई संदेश प्रचार गर्दै थिए। तिनीहरुसंग एउटा ठूलो तम्बू थियो, र थुप्रै प्रकारका भद्र ब्याप्टिष्टहरु थिए। मैले कहिल्यै कुनै ठाउबाट “आमेन” सुन्न पाईन; तपाईलाई थाहा छ, डराएका स्त्रीहरु मध्येमा कोहिले आफ्नो मुखबाट पेन्ट निकाल्नेछन्। र त्यसपछि, पहिलो कुरा तपाईहरुलाई थाहा छ, मैले *त्यो* जस्तो एउटा जोडि पाउ मैले देखे, र दुइटा ठूलो हातहरु, र कालो कपाल त्यहाँ हल्लाउदै थियो, “आमेन” भन्दै कराउदै थियो। र मैले तल हेरे, मैले भने, “बेन, तिमी कहाबाट आयौ?” उसले वास्तवमै “आमेन” पाउदै थियो।

25 मैले उनको श्रीमतीले उनलाई हेरेको देखे, थोरै। ठिक, उनले त्यो भएको थोरै कालो कपाल गुमाउदै छ, तर त्यो ठिक छ, तपाई जान्नुहुन्छ। त्यो विषयमा चिन्तित नहुनुहोस्। मैले गरेको थिए, धेरै समय अगाडि।

त्यसैले, अब, प्रार्थना गर्न नभूल्नुहोस्।

26 अब, हाम्रो सेवाको इमान्दार पाटो पट्टि आउदा, याद राख्नुहोस्, यदि हामी यो वचन पढ्छौ भने, तब परमेश्वरको आफ्नो वचनलाई आशिष दिनुहुन्छ। “त्यो उहामा व्यर्थ भई फर्कनेछैन, तर त्यसको उदेश्य अनुसार यो पूरा हुनेछ।” र मलाई थाहा छ, वचन पढ्न, म सधै ठिक रहनेछु। जब म वचन पढ्छु, परमेश्वरले आफ्नो वचनको कदर गर्नुहुदछ।

27 अब हामी उहाको वचनको सम्मान स्वरूप हामी खडा होऔ। यर्मिया, दोस्रो अध्याय १२ औ र १३ औ पद, यर्मिया दुइको।

*हे आकाश मण्डल...यस कुरामा तिमीहरु चकित होओ, र ठूलो डरले थर—थर काम, परमप्रभु भन्नुहुन्छ*

*मेरा प्रजाहरुले दुइटा पाप गरेका छन्; मलाई, जिउदो पानीको मूललाई, तिनीहरुले त्यागेका छन्,* र पानी नरहने *फुटेका कुण्डहरु...आफ्ना निम्ति खनेका छन्।*

आउनुहोस् अब हामी हाम्रो शिर झुकाऔ।

28 प्रिय परमेश्वर, तपाईको वचन पढिएको छ। र हामी प्रार्थना गर्दछौ तपाईले त्यो वचन कदर गर्नुहुन्छ, र आज राति हामीलाई त्यो दृष्टान्त या समान्तर दिनुहोस्; जसै हामी ती गएका इस्रायलका दिनहरुलाई उदाहरणको रूपमा हेर्छौं, जस्तो बाईबलले हामीलाई सिकाउदछ कि हामीले देख्दछौ तपाईले तिनीहरुलाई के गर्नुभयो जब तिनीहरुले वचन पालन गरे, देख्दछौ कि तपाईले तिनीहरुलाई के गर्नुभयो जब तिनीहरुले तपाईको वचनको उलङ्घन गरे, र त्यसबाट हामीले के गर्नुपर्छ सिक्न सकौ। त्यसैले, हामी प्रार्थना गर्छौं कि तपाई हामीसंग आज राति विषेश तरिकामा बोल्नुहुनेछ, ताकि यी दिनहरुमा आफैलाई कसरी संचालन गर्ने भनि हामीले जान्न सकौ, कि हामी यस बिहान जान्यौ कि हामी जीवित छौ। हामी माग्दछौ येशुको नाउमा। आमेन।

बस्न सक्नुहुन्छ।

29 म आज यो शिर्षकमा बोल्न जादैछु, मात्र एक—एक छोटो समयको लागि बोल्नेछु: *फुटेको कुण्डहरु।*

30 इस्रायलले दुइवटा महा पापहरु गरेका छन्। परमेश्वरले भन्नुभयो तिनीहरु जीवनको पानीको मूल हुनुहुन्छ, उहाबाट टाढा गएका छन्, र आफ्नो निम्ति पिउनको लागि कुण्डहरु खनेका छन्। अब, त्यो केहि कुरा हो।

31 यो मूल पाठ लिनूको कारण यो हो कि किनभने मैले बिहानमा भनेका कुराहरु हामी जिईरहेको समयको विषयमा र हामीले संघर्ष गरिरहेको कारणको विषयसंग यो समान्तरमा जादछ।

32 र हामी इस्रारायललाई उदाहरणको रूपमा हेर्दछौ कि, परमेश्वर जो हुनुहुन्थ्यो, उहा सधै त्यस्तै नै रहनुपर्दछ। र त्यहाँ मात्र एउटा कुरा छ जुन परमेश्वरले जहिले कदर गर्नुहुन्छ, त्यो हो, उहाको मार्ग जुन उहाले मानिसहरुको निम्ति दिलाउनुभयो। र जब तिनीहरु त्यो मार्गबाट बाहिर गए, तब परमेश्वरको अपमान भयो, र परमेश्वरको मानिसहरुलाई उहाले भन्नुभएको कुराबाट टाढा गएकोले दुख भोग्न लगाउनुभयो, त्यो जस्तो सुकै किन नहोस् उहाले त्यसो गर्नुभयो।

उहाले तिनीहरुलाई व्यवस्था समेत दिनुभयो, "नछोओ, नसमात, नाचाख।" त्यो गरेको पापको कारणले मात्र होइन, तर उहाले गर भन्नुभएको कुरालाई आज्ञा उलङ्घन गरेका हुनाले हो। र त्यहाँ कहिल्यै पनि व्यावस्थाको सजाय नभईकन व्यवस्था हुन सक्दैन। किनभने, यदि त्यहा सजाय छैन भने, तब व्यवस्था तबसम्म सक्रिय हुदैन जबसम्म त्यहाँ दण्ड हुदैन। व्यवस्था।

33 अब, हामी पाउछौ, जे तिनीहरुले ती दिनमा गरेका थिए त्यो आज हामीले र मण्डलीका मानिसहरुले गरिरहेको संग समान्तर देखिन्छ।

34 अब हामी यहाँ अचम्मको कुरा देख्दछौ। यो कोहि मानिसहरुलाई अचम्म लाग्न सक्छ, जब उहाले यो भन्नुभयो, "तपाईले, तिनीहरुले, आफ्नो निम्ति कुण्ड खनेका, फुटेका कुण्ड खनेका छन्" अब, तपाई मध्ये कतिलाई कुण्ड के हो थाहा छैन होला। कति जनालाई थाहा छ कुण्ड के हो भनि? ठिक छ, लगभग सबैलाई थाहा छ। यदि तपाईहरु कृषिक्षेत्रमा हुर्किनु

भएको हो भने तपाईलाई थाहा छ कुण्ड के हो भनि। मलाई याद छ कि मैले एउटाबाट प्रशस्त किरा पिएको छु, यो जान्नको लागि कि एक कुण्ड के हो।

एक देशमा प्रचार गरिएको थियो जहा, एक ब्रसको तिरमा, जहा तपाईसंग पानीको एउटा पानीको ठूलो खाल्डो, जुन वर्षाको पानीले हुन्छ, तपाई जान्नुहुन्छ, र यो यस प्रकारले थोरै पुरानो भैसकेको छ। र—र त्यसपछि किराहरु, रातको समयमा, भित्र आउछ। र त्यसैले मलाई थाहा छ कुण्डको पानी कस्तो हो भनि।

35 एक—एक कुण्ड एउटा—एउटा यस्तो ठाउ हो, एउटा चिज जुन जमिनमा खाल्डो खनेको हुन्छ, जुनले इनारको स्थान लिन्छ। जहाँ मानिस कहाँ कूवा हुदैन, त्यहाँ तिनीहरुले एक—एक कुण्ड बनाउछन्। अर्को शब्दमा भन्दा, कुण्ड एउटा मान्छेले बनाएको ट्यांकी हो, या मानव निर्मित जमिनको कूवा हो, जुन मान्छेले खन्छ, पानी पिउनलाई, अनि प्रयोग गर्नलाई। कोहि—कोहिले त्यसलाई पखाल्नको लागि पानी प्रयोग गर्छन्, र कसैले पिउनको लागि, र हुनसक्छ धेरै प्रकारमा प्रयोग गर्थे। सबै पानी जुन हामीले पाउथ्यो, त्यो कुण्डमा हुन्थ्यो। एउटा पुरानो चिज हुने गर्थ्यो जसलाई तपाईले चारैतिर, चारैपट्टि पानी माथि ल्याउनलाई हावा हाल्नुपर्थ्यो; त्यसमा सानो बाल्टिन हुने गर्थ्यो, जसलाई कुण्डबाट पानी निकाल्नलाई पम्प गर्नुपर्थ्यो।

36 ठिक छ, हामी एउटा कुरा ध्यान दिन सक्छौ कि कुण्ड कूवा भन्दा फरक हुन्छ। अब, एक कुण्ड रित्तो हुनसक्छ। कुण्ड आफै भरिन सक्दैन। यो...भरोसा योग्य हुदैन। तपाई कुण्डमाथि भर पर्न सक्नुहुन्न। यो गर्मी मौसममा या जाडो मौसममा पर्ने वर्षा संग निर्भर हुन्छ, जे पनि यो छ...सामान्यतः जाडो मौसममा जब हिऊ पर्छ र पानी आउछ, यहि पानी नै कुण्डमा आउछ। र यदि त्यसले त्यो पानी पाएन भने, तब तपाई—तपाईसंग कुनै पानी हुदैन। त्यहि नै सबै—त्यही नै सबै...सुकेर जान्छ। र त्यो आफै पुनः भरिन सक्दैन। र पुरानो कुण्डले आफैलाई पुनः भर्न सक्दैन। त्यसले आफुलाई आकाशबाट परेको पानीले मात्र भर्न सक्छ।

37 र म तपाईले कुण्डको विषयमा अर्को कुरा जानेको म चाहन्छु। सामान्यतः तपाईले पाउनुहुन्छ, वा जस्तो तरीकामा त्यो हाम्रो स्थानमा छ, कुण्ड...सामान्यतः ढुकुटी घरको आकारभन्दा दुइ गुणा ठूलो हुन्छ, र तिनीहरुले प्रायः ढुकुटीबाट कुण्डसम्म पानी पुर्याउछन्। म सम्झन्छु त्यो पुरानो कुण्ड त्यहाँ, जब हामीसंग...जब नालीको पाईप त्यसद्धारा भाग्थ्यो, जुन ढुकुटीबाट जान्थ्यो। त्यो ढुकुटीबाट भरिन्छ।

त्यसैले तब पानीलाई ढुकुटीको छतबाट ल्याउने गरिन्थ्यो; जहा सबै जनावरहरुलाई धन्सारको सामुन्नेको भागमा चारैतिर हिडेर टेकेका हुन्छन्, र सबै फोहोरहरु सुक्खा समयमा धन्सारको माथिल्लो भागमा आएर बसेका हुन्छन्। र पानी आउछ र ती सबै छतदेखी नै पखालिन्छ, मान्छेले बनाएको धारामा आउछ, र मान्छेले बनाएको टोंटिमा आउछ त्यसपछि मान्छेले बनाएको कुण्डमा आउछ। र यदि तपाईले लथालिंगोपन पाएन भने मलाई थाहा छैन तपाईले के पाउनुभयो, जब तपाईले कुण्ड पाउनुहुन्छ। हो श्रीमान्, यो सबै मानव निर्मित हो, र हुनसक्ने सम्मको फोहोर हुन्छ।

38 तपाईलाई थाहा छ, हामी भन्ने गर्थ्यौ...हामीसंग एउटामा फिल्टर चिरकुट हुनेगर्थ्यो। के तपाईलाई कहिल्यै थाहा छ त्यो के थियो भनेर? फिल्टर चिरकुट राख्न पर्ने हुन्थ्यो, ती सबै किराहरु र अरु चिजहरु समात्न जुन ढुकुटीको माथिल्लो भागबाट आउथ्यो, र ती सबै चारैतिरको ठाउमा, र एक ठाउबाट कुण्डको अर्को ठाउमा खन्याईन्थ्यो। र ती सबै मैला र फोहोरहरु जे जति पनि समात्नलाई हामीले फिल्टर चिरकुट प्रयोग गर्ने गर्थ्यौ। निश्चय नै, त्यसले वास्तवमै फोहोर समात्न सक्दैनथ्यो, त्यसले मात्र ठुलो फोहोरहरु समाउथ्यो जुन त्यसमा आएर झर्दथ्यो। किरा त्यसमा झर्दथ्यो होला, तर किराको रस चाहि पानीसंगै जादथ्यो। त्यसैले तपाई—तपाईलाई साच्चै नै झमेला हुन्छ यदि तपाईसंग पुरानो फोहोर कुण्ड छ भने।

39 केहि दिनसम्म तपाई त्यो पानीलाई त्यहि रहिरहन दिनुहोस्, र त्यो जमेर बस्छ। तपाई पानीलाई कुण्डमा नै रहिरहन दिनुस्, त्यो जम्छ। र त्यो भ्यागुता, र छेपाराहरु, सर्पहरुले भरिन्छ। र हामीले त्यसलाई "हल्लिने-पुच्छरहरु," भन्थ्यौ। सानो...मलाई थाहा छैन यदि...त्यो परजीवी होइन, तिनीहरु एक...मैले सक्दिन, मलाई थाहा छैन तपाईहरु त्यसलाई के भन्नुहुन्छ। तर केहि प्रकारको सानो कुराहरु पानीमा आउछन्, त्यस—त्यसलाई "हल्लिने-पुच्छरहरु" भन्छौ। तपाई जान्नुहुन्छ त्यो के हो। कति जनालाई थाह छ जुन विषयमा मैले बोलिरहेको छु। ओ, किन, पक्का तपाईहरु देशमा बस्नुहुने सबैलाई थाहा छ। ती सबै जमेर दलदल भएर बस्छ, र त्यसपछि ती दलदलको प्रेमीहरु त्यससंगै आउछन्। त्यो मात्र यसकारणले आउछ, किनभने त्यो जमेको हुन्छ। र त्यो जमेको कारणले, त्यसले ती पशुहरुलाई तान्छ जसलाई जमेको कुराहरु मन पर्छ।

40 र त्यो पूर्णरूपले एउटा महा पाप जुन आज मण्डलीको जस्तो छ। मलाई लाग्छ कि छुट्टाएका छौ...ती मध्ये एउटा महा पाप जुन आज मण्डलीले गरेको छ, जसरि इस्रायल ले ती दिनमा गरेका थिए, त्यसले उहालाई त्यागे, जिउदो पानीको मुहानलाई त्यागे, र आफ्नो निम्ति मानव निर्मित कुण्डहरु बनाए। र यो ती सबैको निम्ति एउटा वासस्थान भयो जसले त्यो प्रकारको पानीलाई प्रेम गर्छन्। छेपाराहरु, भ्यागुताहरु, र सबै प्रकारका अशुद्ध किटाणुहरु त्यहाँ बस्छन्, किनभने त्यो मानव निर्मित ट्यांकी हो। र यो ट्यांकीमा ती कुराहरु बस्दछन्, आजको नामधारी संगठित संस्थाहरुको एउटा एउटा सिद्ध उदाहरण हो।

41 "अब," तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम, किन तपाई यी मानिसहरुमा कडा प्रहार गर्नुहुन्छ?"

यहाँनिर प्रहार गरिनुपर्दछ। यसलाई यहानिर प्रहार गरिनुपर्दछ। त्यहाँबाट भाग्नुहोस्, किनभने यसले अन्तमा पशुको छाप् बनाउनेछ। याद गर्नुहोस्, त्यो सत्य हो। त्यो नै पशुको छाप हुनेछ। संगठित संस्थाले ठिक यतातिर डोर्याउदछ। त्यो ठिक आफ्नो बाटोमा त्यहाँ छ, जबर्जस्तीमा, शक्तिद्वारा।

42 त्यो प्राचिन रोमन साम्राज्यमा हेर्नुहोस्। ठिक त्यसैले तिनीहरुलाई स्वधर्म त्यागको छापमा डोर्याएको थियो। तपाईले पाउनुहुन्छ कि कुनै पनि मानिसले पशुको छाप नभईकन किन्न वा बेच्न पाउदैन थिए। ऊसंग यो हुनुपर्थ्यो।

43 त्यहाँ मात्र दुइ स्तरको मानिसहरु संसारमा हुनेछन्: तिनीहरु जो परमेश्वरको छाप सहित छन्, र तिनीहरु जो पशुको छाप सहित छन्। मात्र दुइ स्तरका, त्यसैले तपाईसंग एउटा हुनुपर्छ या त अर्को। त्यो स्वधर्म त्याग हुनेछ, एक—एक धर्मको छाप, स्वधर्म त्याग धर्म हुनेछ।

44 र पशुको प्रतिरूपमा मूर्ति बन्न जादैछ। जस्तो हामी अध्ययन गर्छौं, हामीले पाउछौ कि रोम सधै पशुको छाप थियो, छ र हुनेछ। साचो रूपमा यहि हो। र अरु केहि पाउनको लागि रोम बाहेक कुनै बाटो छैन।

45 र रोमले के गर्यो? पागन रोम देखि पपल रोममा परिणत भए, र एक प्रणाली संस्थागत बनाए, एक सार्वभौमिक प्रणाली, जसले सबैलाई त्यहि एउटा धर्ममा बाध्य बनाए या त मारिदिन्थे।

46 र यो एउटा अचम्मको कुरा हो कि यो संयुक्त राज्य दृश्यमा देखा पर्यो, र यो एउटा थुमा जस्तो हो। र थुमाको दुइवटा सानो सिङ छन्, नागरिक र इसाईवादि अधिकारहरु। र त्यसको केहि समयपछि, जब त्यो थुमा थियो, हामी पाउछौ कि त्यसपछि त्यसले अजिङ्गर जसरि बोल्यो र अजिङ्गरसंग पहिले भएको सबै शक्ति त्यसले अभ्यास गर्यो। र बाईबलले हामीलाई भन्छ कि तिनीहरुले यसो भने, "आऊ, हामी पशुको मूर्ति बनाऔ।" एउटा मूर्ति यस्तो हो जुन केहिको रूपमा हुन्छ। र ठिक अहिले हामि त्यो देख्न सक्छौ, त्यसको स्वधर्म त्यागको अवस्थामा, मण्डलीहरुले विश्व मण्डली परिषद बनाएका छन्, जुन रोमको शक्तिको प्रतिरूप हो; र मानिसहरुमा त्यहि कुरा गर्न बाध्य बनाउछ जुन पागन रोमले गरेको थियो...या पपल रोमले गरेको थियो। त्यसैले त्यहाँ अरू कुनै बाटो छैन, अरु कुनै कुरा छैन। तर त्यो सत्य हो।

47 र त्यहि कारणले मेरो युगमा, मेरो समयमा, प्रहार गर्दैछु, किनभने यहि नै प्रहार गरिनुपर्नेछ। भित्र आउ भन्ने बोलावटबाट, "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, ताकी तिमीहरु त्यसका पापहरुका भागीदार नहोओ!"

48 अब, म यी फोहोर, घृणित कुण्डहरु जस्तै छु। "उहा जीवनको मुहान हुनुहुन्छ। उहा जीवित पानी हुनुहुन्छ।" र मानिसले त्यसलाई त्यागे, र आफ्नो निम्ति कुण्डहरु बनाए जसले मात्र ती घृणित कुराहरु समाउछ। त्यो मात्र कुराहरु हुन् जुन त्यसले समात्न सक्छ। र त्यहि नै संगठनवादिले गर्छन्; त्यसले जे पनि आउछ त्यसलाई समात्छ र त्यसमा शामिल हुन चाहन्छ। तिनीहरु सबै कुरा भित्र्याउन इच्छुक हुन्छन् यदि त्यसमा केहि पैसा, या कुनै निश्चित तरीकामा लुगा पहिरिन पाउछन् भने। तिनीहरु को हुन्, तिनीहरु कहाँबाट आए, तिनीहरुलाई त्यसको वास्ता छैन, तिनीहरुले जसरी हुन्छ त्यो लिन्छन्।

49 अब, हामी फेरी पनि पाउछौ कि, यो पशुको छाप जुन यहाँ बन्यो...अमेरिका अंक तेह्र हो। यो तेह्रवटा उपनिवेशबाट जन्मेको थियो। मसंग झन्डा थियो जसमा तेह्रवटा ताराहरु र तेह्रवटा धर्काहरु थिए। र त्यो अझै प्रकाश १३ अध्यायमा देखा पर्छ। र अमेरिका जहिले पनि स्त्रीको रूपमा छ, हाम्रा सिक्काहरुमा प्रतिनिधित्व गरिएको छ। यहाँसम्म कि इन्डीयन शिरमा पनि, एक पेन्नीमा, एक स्त्रीको अनुहार छ। हामी त्यो जान्दछौ, त्यसको इतिहास

जान्दछौ। सबैकुरा, लिबर्टी बेल, र सबै कुरा जान्दछौ, लिबर्टी...लिबर्टीको मूर्ति, सबै कुरा, एक स्त्री छ। एक स्त्री: अंक तेह्र छ। बुझ्नुभयो? अब, यो—यो कुराहरु देख्न पाउनु सुन्दर कुरा हो।

50 र अब मैले परमेश्वरको प्रकाशबाट भविष्यवाणी गरेको थिए, जुन १९३३ को दर्शन हो, जुन अन्तिम हुन आउनु अगाडि सातवटा कुराहरु हुनेछ। र त्यो, ती मध्ये एक त्यो थियो कि, "मुसोलिनी, जो त्यस समयमा निरंकुस शासक बन्दै थिए, उनी शासक बन्नेछन्; र अझै, उनी तल इथियोपिया जानेछन् र आक्रमण गर्नेछन् र इथियोपियालाई लिनेछन्; र आत्माले भन्नुभयो, 'उनी आफ्नो कदममा गिर्नेछन्।'"

51 मलाई आश्चर्य छ कि यदि कोहि पुरानो समयको विश्वासी यस पवित्रस्थानमा हुनुहुन्छ, जसले यी कुरा ऐले धेरै, धेरै वर्ष पहिले रेड्म्यान हलमा प्रचार गरेको सम्झन सक्नुहुन्छ। के यहाँ भवनमा कोहि एकजना हुनुहुन्छ आज राति, जो रेड्म्यान हलमा जब मैले प्रचार गर्दा हुनुहुन्थ्यो, जब तिनिहरुसंग एन.आर.ए थियो, पुरानो समयमा, रुजभेल्टको कार्यकालमा? मलाई लाग्छ यहाँ एकजना पनि हुनुहुन्न। त्यहा कोहि एकजना हुनुहुन्छ? हो, हो, एकजना, त्यहाँ एकजना हुनुहुन्छ। हो, श्रीमती विल्सन, मलाई उहा याद छ। मेरो श्रीमती जो पछाडि पट्टि बसिरहनुभएको छ। दुइजना बाकि हुनुहुन्छ, ती पुराना दिनका पुस्ताबाट।

त्यसबेला, जब तिनीहरुले यो एन.आर.ए नै पशुको छाप हो भन्दै थिए, मैले भनेको थिए, "त्यो केहि होइन; कुनै पनि रीतिले त्यो होइन। पशुको छाप यहाँ आउदैन। त्यो रोमबाट बाहिर आउछ। र यो पशुको छाप हुनसक्दैन।"

52 र अब याद गर्नुहोस् यी कुराहरु भनिएको थियो। यो भनेको थियो, "एडोल्फ हिट्लर एक रहस्यमय अन्त्यमा आउनेछ। र उनले संयुक्त राज्यसँगको युद्ध घोषणा गर्नेछ। र तिनीहरुले विशाल—एक—एक विशाल कंक्रिटको चिजहरु निर्माण गर्नेछन्, तिनीहरु अझै त्यसैमा पनि बस्नेछन्। र ठिक त्यहाँ अमेरिकीहरुले भयानक जित लिनेछन्, यसमा।" र त्यो सिगफ्रेड रेखा थियो, एघार वर्ष पहिले जब यो निर्माण गर्न शुरू गरिएको थियो। र त्यसपछि भनेको थियो, "तर उनको अन्त्यमा आउनेछ; र संयुक्त राज्यले युद्ध जित्नेछ।"

53 र त्यसपछि भनियो, कि, "त्यहाँ तीन वादहरु छन्: नाजीवाद, फासिवाद, र साम्यवाद।" र मैले भनेको थिए, "ती सबै साम्यवादमा घुल्लिन्छन्। रसियाले साम्यवादबाट ती सबै लिन्छ।"

54 र मैले भनेको थिए, "विज्ञान यति धेरै बढ्दै जानेछ, मानिसहरु यतिसम्म विद्वान हुदै जानेछन्, कि तिनीहरुले अण्डा आकारका गाडिहरु र धेरै कुराहरु आविष्कार गर्नेछन्, जुनमा शिसा माथिल्लो भागमा हुनेछ, र त्यो स्टेरिंग व्हीलले नभएर कुनै अर्कै शक्तिले नियन्त्रण गर्नेछ।" र तिनीहरुले त्यो कार पाईसकेका छन्।

55 र मैले भनेको थिए, "त्यसपछि हाम्रा स्त्रीहरुको नैतिकता यति धेरै पतन हुदै जानेछन्, कि तिनीहरु देशको लागि अपमान हुनेछन्। तिनीहरु पुरुषको वस्त्रहरु लगाउन जाँदै थिए। तिनीहरु आफ्नो वस्त्रहरु वास्तवमा यति घटाउदै जानेछन् कि तिनीहरु यहासम्म आइपुग्नेछन् जहाँ तिनीहरु आफ्नो भित्रि लगाएर हिडेको जस्तो हुनेछ, त्यो नै

हो। र, अन्त्यमा, तिनीहरु यहासम्म हुनेछन् कि तिनीहरु केवल अंजिरको पात लगाउने आउनेछन्।”

र यदि तपाईले ध्यान दिनुभएको छ भने, गत महिनाको *लाईफ* पत्रिका, तिनिहरुसंग एउटाले स्त्रीले अंजिरको पात लगाएकी थिईन्। अनि त्यो नया साँझको फ्रक थियो, या गाउन् थियो, जुन तिनीहरुले साझमा के लगाए; पारदर्शी, त्यसबाट सबै देखिने खालको, मात्र अंजिरको पातले उनको शरीरको निश्चित अङ्ग मात्र छोप्ने खालको; डोरी बिनाको या डोरी, खुला नुहाउने लुगामा, टप्समा, शरीर प्रदर्शन हुनेखालको। र कसरी त्यो ती कुराहरु भएका छन्।

56 त्यसपछि मैले भनेको थिए, “मैले एउटा स्त्री संयुक्त राज्यमा खडा भएकी देखे, जस्तो कि एक महान् रानी या त्यस्तै। र उनी हेर्दामा सुन्दर थिईन्, तर हृदयमा दुष्ट थिईन्। र उनले राष्ट्रको कदमलाई, आफ्नो कदममा हिड्ने बनाईन्।”

57 त्यसपछि मैले भने, “अन्तिममा, उहाले मलाई फेरी फर्केर पूर्वतिर हेर् भन्नुभयो। र जब मैले हेरे, मैले देखे, यस्तो देखिन्थ्यो, जस्तो कि, दुनियामा विस्फोट भयो। र जति टाढासम्म मैले देख्न सक्थे, त्यहाँ केहि पनि थिएन तर लौरोहरु थियो, र—र ती चट्टानहरु सबै पृथ्वीबाट उठाईदिएको थियो।”

र यी कुराहरु संसारको अन्त्य हुनुभन्दा अगाडि हुनुपर्ने थियो। र ती सात मध्येमा पाँचवटा भैसकेका छन् यी तेत्तिस वर्षमा। हामी त्यहाँ छौ, फर्केर अन्तिम समयमा छौ।

58 र ठिक त्यसपछि मैले संगठित संस्था प्रणालीको विरुद्धमा बोले। र आज राति पनि म अझै विश्वास गर्छु, कि त्यो एउटा मलवापी हो, त्यो यस्तो स्थान हो जहाँ फोहोर दौडन्छ। मैले विश्वास नै गर्न सक्दिन कि परमेश्वरले कहिल्यै मण्डलीमा त्यस्तो कुरा लिनुहुन्छ, किनभने यो परमेश्वरको आत्माद्वारा जन्मनु पर्दछ र उहाको भनि बोलाउनु भन्दा अगाडि शुद्ध पारिनुपर्दछ। ख्रीष्टको रहस्यमय शरीरमा, हामी त्यसमा पवित्रआत्माद्वारा बप्तिष्मा भएकाहरु हौ।

59 हो, यो कुण्डको प्रणाली निश्चयनै संगठित संस्थाको एउटा सिद्ध उदाहरण हो। एक विद्वान मानिसले देख्नुपर्दछ, र यसमा कहिल्यै जानुहुदैन, किनकि परमेश्वरले युगौ देखि साबित गरिदिनुभएको छ कि उहा यसको विरुद्धमा हुनुहुन्छ र त्यससंग कहिल्यै काम गर्नुभएन। कुनै समुदाय…कुनै पनि समय जब एक व्यक्ति सन्देशको साथ उठाइन्छ, जस्तो कि लुथर, वेस्ली, या त्यस्तै अरु, र स्मिथ, र क्याल्भिन, र तिनीहरु, जब तिनीहरुले संस्था शुरू गरे, परमेश्वरले सबैकुरा खण्डमा राख्नुभयो र कहिल्यै पनि जागृतिमा फेरी फर्केर आउनुभएन।

60 इतिहासबाट भएर हेर्नुहोस्। त्यहाँ कहिल्यै पनि एउटा समय छैन जहाँ परमेश्वरले संगठित संस्थालाई लिएर, त्यसबाट जागृति ल्याउनुभएको होस्, कहिँ पनि छैन। तब, इतिहास र बाइबलबाट यो साबित हुन्छ कि यो परमेश्वरको नजरमा घृणित कुरा हो, त्यसैले मलाई यो संग केहि गर्नुछैन। र त्यसैले नै म यसको विरुद्धमा छु। म मनिसहरुलाई यसबाट बाहिर निकाल्ने प्रयत्न गर्दैछु।

61 हामीहरु बोलाईएका हौ, इस्रायलमा जस्तो, त्यहि नै अहिले भईरहेको छ, उदाहरणको निम्ति इस्रायललाई हेर्न बोलाईएका हौ। तिनीहरु, जबसम्म तिनीहरु पानीको मुहानसंग रहे, तिनीहरु ठिकै थिए। तर जब तिनीहरुले आफ्नै लागि कुण्डहरु खन्न थाले, जुन मानव–निर्मित प्रणालीहरु थियो, तब परमेश्वरले तिनीहरुलाई समतल छोडिदिनुभयो। उहाले हामीलाई पनि त्यसै गर्नुहुनेछ। “तिनीहरुले उहालाई त्यागे, जो जीवित पानीको मुहान हुनुहुन्थ्यो।” त्यो नै तिनीहरुको विरुद्धमा परमेश्वरको गुनासो थियो। “केहि यस्तो गर्नको निम्ति कि तिनीहरु यो भन्नसकोस्, तपाईले देख्नुभयो हामीले के गरेका छौ!”

62 अब, जब मोसाको यात्राको समयमा; जब परमेश्वरले, अनुग्रहद्वारा, तिनीहरुको निम्ति अगमवक्ता दिनुभयो, तिनीहरुको अगाडि जानको निम्ति आगोको खामो दिनुभयो, र चिन्हहरु र आश्चर्य कुराहरुले ती साबित पनि गर्नुभयो। अनुग्रहले यी सबै कुराहरु जुटाएको थियो। इस्रायलले अझै पनि व्यवस्थानै चाहन्थ्यो, व्यवस्था लिनको लागि तिनीहरुले अनुग्रहलाई इन्कार गरे।

ठिक त्यहिनै आज मानिसहरुले गर्दैछन्। तिनीहरुले नामधारी संस्थाको प्रणाली लिन, वचनलाई इन्कार गरे किनभने यसमा तिनीहरुले जे चाहन्थे त्यो गर्न पाउथे र यो संग मिल्न सक्दथे। तर तपाईले त्यो ख्रीष्टमा गर्न सक्नुहुन्छ! ख्रीष्टमा रहनको लागि तपाई शुद्ध र सफा हुनुपर्दछ।

63 उम्लिरहेको कूवालाई छोडेर, मानव निर्मित प्रणाली वा कुण्डमा जानु, के तपाई कल्पना गर्न सक्नुहुन्छ कसैले त्यसो गरेको? के तपाई कल्पना गर्न सक्नुहुन्छ कुनै पनि मानसिक सन्तुलन भएको व्यक्तिले स्वच्छ मूल कूवाबाट पिउन छोडेर त्यो एक मानव निर्मित कुण्ड जहाँ भ्यागुताहरु, छेपाराहरु, र हल्लिने–पुच्छरहरु, यी सबै भएकाबाट पिउन चाहन्छन्?

यो सहि हुनलाई समझदारसम्म पनि देखिदैन, तर त्यहि नै वास्तविकरूपमा मानिसले गरेका छन्। तिनीहरुले वचनलाई त्यागेका छन्, जुन परमेश्वरको श्रोत र शक्ति साचो मुहान हो, त्यसबाट बाहिर कुण्डबाट पिउनको लागि, र आफ्नो निम्ति कुण्डहरु बनाउनको लागि। त्यस्तै जुन तिनीहरुले त्यसबेला गरेका थिए, तिनीहरुले अहिले पनि गरेका छन्। तिनीहरुले भन्छन्...

उहाले भन्नुभयो, “तिनीहरुले मलाई त्यागे।” यहाँ उहाले भन्नुभयो, यहा यर्मिया २:१४ मा, या १३, मा। उहाले भन्नुभयो, “मलाई, जिउदो पानीको मुहानलाई, तिनीहरुले त्यागेका छन्।”

64 अब, हामीले देख्यौ कुण्ड के हो भनेर। हामीले देख्छौ कुण्डमा के—के हुन्छ भनि। हामीले देख्यौ त्यो कसरी बनाईन्छ भनेर। यो मानव निर्मित चिज हो जुन फोहोर छतबाट भएर आउछ। झरी माथिबाट तल झर्छ, फोहोर छतमा झर्छ, र त्यसले मात्र छातलाई पखाल्छ, मानव निर्मित द्रोणीबाट तल राखिन्छ, मानव निर्मित धाराद्वारा गरिन्छ, र मानव निर्मित ट्यांकीमा हालिन्छ। र सबै फोहोर त्यहा जम्मा हुन्छ, र किटाणूहरु, र छेपाराहरु, र भ्यागुताहरु, र जमिनका कुराहरु, त्यस्तै कुराहरु हुन्छन्। र, ध्यान दिनुहोस्, ती सबै

कुराहरु अशुद्ध पशूहरु हुन्; हिलो, हल्लिने–पुच्छरहरु हुन्। एक हल्लिने–पुच्छरहरु सफा पानीमा बस्न सक्दैन। यदि त्यो बस्यो भने, त्यसले उसलाई मार्छ। त्यसलाई हिलोमा नै बस्नुपर्छ।

65 र त्यहि तरिकामा छ आजका यी धेरै परजिविहरुमा। तपाई पवित्र आत्माको स्वच्छ पानीमा बस्न सक्नुहुदैन। त्यहि नै कारणले तिनीहरु अतिनै बलियो रूपमा वचनको विरुद्धमा छन्, र भन्छन्, "यो आफैमा गोलमाल छ। त्यसमा यसो केहि पनि छैन।" यो किनकि तिनीहरुसंग केहि प्रकारको हिलोको कुण्ड हुन सकोस् जहाँ तिनीहरु खेल्न सकोस्। यो ठिक हो।

त्यहि नै तरीकामा, भ्यागुताहरु, र छेपाराहरु, र चेपागाडा आदिहरु संग हुँदछ। तिनीहरु बस्नको लागि फोहोर र हिलोको चारैतिर आउनुपर्छ, किनभने त्यहाँ बस्नको लागि तिनीहरुको प्रकृतिनै त्यहि हो। र तपाई पशूलाई परिवर्तन गर्नसक्नुहुन्न जबसम्म तपाईले त्यसको स्वभाव परिवर्तन गर्नसक्नुहुन्न।

र तपाईले एक व्यक्तिलाई तबसम्म परमेश्वरको वचन देखाउन सक्नुहुन्न जबसम्म त्यस व्यक्तिको स्वभाव परिवर्तन भएको हुदैन; र जब उसको स्वभाव पहिलेको बाट परिवर्तन भई परमेश्वरको छोरा हुन्छ, र ऊ भित्र पवित्र आत्मा आउछ। पवित्र आत्माले परमेश्वरको वचन लेख्नुभएको हो!

66 आज मैले मेरो असल मित्रसँग कुरा गरिरहेको थिए, जो डाक्टर लि भेल हुनुहुन्छ जो अहिले उपस्थित हुनुहुन्छ। र उहा थोरै शास्त्रविद् हुनुहुन्छ र त्यसैले सामान्यतः हाम्रो केहि––केहि धर्मशास्त्रमा थोरै राम्रो छलफल भईरहन्छ। एकदम विद्वान हुनुहुन्छ।

र उहाले एक पटक मलाई सोध्नुभयो कि मैले पवित्र आत्मा पाउनुको प्रारम्भिक प्रमाण के हो भनि सोच्दछु, "के त्यो अन्य भाषाहरुमा बोल्नु हो?" यो धेरै वर्ष अगाडिको हो।

मैले भने, "होइन; मैले त्यो देख्नै सक्दिन।"

उहाले भन्नुभयो, "मैले पनि देख्दिन," भन्नुभयो, "यध्दपि मलाई त्यो सिकाईएको थियो।" उहाले भन्नुभयो, "तपाईलाई के लाग्छ के चाहि प्रमाण हुनसक्छ?"

67 मैले भने, "मैले सोच्न सक्ने मुख्य प्रमाण प्रेम हो।" यसकारणले हामी यस विषयमा कुरा गर्यौं।

र त्यसपछि मैले सोचे यो सुन्नमा राम्रो छ त्यसैले मैले त्यहि लिए, "यदि मानिसमा प्रेम छ भने।"

तर एकदिन प्रभुले एक दर्शनमा, मलाई खोल्नुभयो। र उहाले भन्नुभयो, कि, "पवित्र आत्माको प्रमाण त तिनीहरु हुन् जसले वचन प्राप्त गरेका छन्," न त प्रेम, न त अन्य भाषाहरु बोल्नु हो, तर त्यो वचन प्राप्त गर्नु हो।

68 र त्यसपछि डाक्टर भेलले मलाई भन्दै हुनुहुन्थ्यो कि, "त्यो धर्मशास्त्र अनुसार छ," उहाले भन्नुभयो, यूहान्न १४ मा, येशुले भन्नभयो, "जब उहा पवित्र आत्मा तिमीहरुमा

आउनुहुन्छ, उहाले यी कुराहरु तिनीहरुमा प्रकट गर्नुहुनेछ, जुन मैले तिमीहरुलाई सिकाएको छु, र हुन आउने कुराहरु देखाउनु हुनेछ।

त्यसैले त्यहाँ पवित्र आत्माको वास्तविक सबूत छ! उहाले अहिलेसम्म पनि मलाई गलत भन्नुभएको छैन। त्यो, "यो पवित्र आत्माको सबूत त्यो हो, जसले वचन विश्वास गर्न सक्दछ।" तपाईले प्राप्त गर्न सक्नुहुन्छ।

किनकि, येशुले कहिल्यै भन्नुभएन, "जब पवित्र आत्मा आउछ, तिमीले अन्य भाषाहरुमा बोल्नेछौ।" उहाले कहिल्यै भन्नुभएन, पवित्र आत्मा आउछ, तिमीले यी कुराहरु गर्नेछौ। तर उहाले यसो भन्नुभयो, "उहाले यी मेरा कुराहरु लिनुहुनेछ र यी कुरा तिमिहरुलाई देखाउनुहुनेछ, र तिमीहरुलाई हुन आउने कुरा देखाउनुहुनेछ।" त्यसैले येशु आफैले भन्नुभए अनुसार त्यहाँ पवित्र आत्माको वास्तविक सबूत छ।

69 त्यसैले यी सबै उत्तेजना र यी कुराहरु जुन मानिसमा छ र अजै त्यसैमा जिउछन्, तपाईले देख्न सक्नुहुन्छ किन तिनीहरुले यो गर्छन्। बुझ्नुभयो, यो एउटा नामधारी संगठित संस्था बन्दछ, या त हिलो कुण्ड बन्छ, र त्यहाँ कहिल्यै पनि एउटा नामधारी संस्था परमेश्वरको सिद्ध वचन माथि बनिएको छैन। त्यसले यो गर्न सक्दैन, किनभने तपाईले परमेश्वरलाई मनोनित या संगठित गर्न सक्नुहुन्न। सक्नुहुन्न, श्रीमान्।

70 यसको कारण यो हो, तपाईले केहि मानिसहरुको झुण्ड पाउनुहुन्छ जसले वचन विश्वास गर्छन्, तिनीहरुलाई संस्था शूरुवात गर्न दिनुहुन्छ। पहिलो कुरा तपाई जान्नुहुन्छ, एक वर्ष समयमा त्यहाँ रिकिहरुको झुण्ड छन् जससंग तपाई केहि गर्न सक्नुहुन्न। तिनीहरुले एउटा पकड पाएका छन्, र त्यस विषयमा तपाई केहि गर्न सक्नुहुन्न। त्यो परमेश्वरको प्रणाली होइन। त्यो होइन, त्यसैले हामी जान्दछौ कि ती कुराहरु बाहिर छन्। त्यो एउटा कुण्ड बनेको छ, र त्यो ठाऊ बनेको छ जहाँ प्रत्येकले *यो, त्यो,* या *अरु* कुराहरु गर्नलाई, सदस्यता प्राप्त गर्नलाई, मानिसहरुलाई त्यहा आउन दिनलाई सम्झौता गर्नेछन्।

71 हामीले पाउछौ, यो प्रणाली त्यो एक समयमा सुरु भयो, त्यो विगतको इस्रायलीहरुको दिनमा, जब तिनीहरुले यी कुण्डहरु खनेका थिए। र त्यहाँ एक मानिस थिए र फरीसीहरुका झुण्ड थिए जसले केहि कुण्डहरु खनेका थिए। र तिनीहरुको एउटा मानिस हेरोद नामको थियो, र उनी एक घोषणाकार, राज्यका राज्यकर्ता थिए।

र उनी त्यो एक मानिसको कुरा सुन्न आए जो तिनीहरुको नामधारी संगठनसंग मूर्ख भएनन्। उनी एक अगमवक्ता थिए। र कुनै पनि अगमवक्ताको कुनै नामधारी संगठित संस्थासंग कुनै सरोकार थिएँन, तर त्यसलाई घृणा गर्थे। यो अगमवक्ताले यसो भन्न शुरू गरे, "अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ भनि आपसमा भन्ने नगर। किनभने म तिमीहरुलाई भन्दछु, परमेश्वरले यी ढुंगाहरुबाट अब्राहामको सन्तान उत्पन्न गर्न सक्नुहुन्छ।"

72 र तिनीहरुले उसको कुरा सुन्नलाई यो उच्च पदस्थ व्यक्ति ल्याए। र यो उच्च पदको व्यक्तिले आफ्नो भाईको श्रीमतीलाई त्यसबाट टाढा ल्याएका थिए, र उनलाई विवाह गरेका थिए। र त्यो मानिस उनको सामुन्ने आएर त्यसलाई के भने? तिनीहरुले सोचेका थिए कि उनले त्यहाँ सम्झौता गर्नेछ, र भन्छ, "अब, श्रीमान्, तपाई, तपाईसंग *यहा*

राम्रो कुर्सी छ। र तपाईले गर्नुपर्छ...म अति खुसी छु कि तपाई आज यहा मलाई सुन्न आउनुभएको छ।"

यूहन्ना ठिक उनको सामुन्ने गए, र भने, "तपाईले तिनलाई पत्नीको रूपमा राख्नु न्यायसंगत छैन।" पहिलो कुरा नै जुन उनले भने, उनले उसको पापको निम्ति गालि गरे।

73 बुझ्नुभयो, नामधारी संस्थाले हिलोको कुण्ड बनाउछ जहा पुरुष महिलासंग बस्छ, र तिनीहरुको स्त्री त्यसरी नै बस्छन्, र आफ्ना कपाल काट्छन्, र कट्टुहरु लगाउछन्, र जे पनि गर्छन्, र आफैलाई इसाई हुँ भन्दछन्।

तर परमेश्वरको शक्तिको वास्तविक मुहान, हल्लेलुयाह, त्यो त्यहाँ रहनसक्दैन, किनभने त्यसले यसलाई बाहिर धकाल्छ। "म जीवित पानीको मूल हुँ, तिनीहरुले आफ्नो लागि केहि कुण्डहरु बनाउनको लागि मलाई त्यागेका छन्।"

74 अब, एक जीवित पानीको मूल, हामीले पाउछौ, जीवित पानीको मूल के हो? हामीले थाहा पायौ कि कुण्ड के हो, अब जीवित पानीको मूल के हो? त्यो उम्लिरहने कूवा हो।

"उम्लिरहने कूवा, त्यो के हो, भाई ब्रन्हाम?"

यो एउटा कूवा हो जुन सधै मुनिबाट आउछ र पानीलाई बाहिरसम्म धकालेर ल्याउछ। त्यो हरेक समयमा बगिरहेको हुन्छ। यो आफैमा निर्भर हुन्छ। उम्लिरहने कूवाको पानि सधै स्वच्छ र सफा हुन्छ, एक जीवित पानीको मुहान। यो मृत र हिलो हुदैन। यो जीवित हुन्छ, लगातार परिवर्तन हुन्छ, हरेक समयमा केहि नया ल्याइरहेको हुन्छ, चलिरहन्छ, त्यसको श्रोतहरुबाट आइरहेको हुन्छ। यसले आफ्नो विस्तारबाट आफ्नो श्रोतहरु खिच्दछ, जुन एउटा...अझै पनि जीवित पानीको मूल छार्किरहेको छ। स्वसफा हुदै; यो सफा शुद्ध, सफा पानी हो। यो स्वः निर्भर छ; यसको ट्यांकी भरिनको लागि तपाईले झरीको प्रतिक्षा गर्न पर्दैन। यो सधै भल्को मारिरहन्छ, आफ्नो पानी सित्तैमा दिन्छ। तपाईले त्यो पम्प गरिरहन पर्दैन, हावा दिन, या घुमाउन, या यसलाई जोड्न पर्दैन। यो मात्र जीवित पानीको मुहान हो।

75 तपाई जान्नुहुन्छ, तपाई त्यो पुरानो कुण्डलाई लिनुहोस्, त्यो थोरै फोहोर पानी पाउनलाई तपाईले घुमाएर, घुमाएर, घुमाएर, र पम्प गरेर र सबै कुरा गर्नुपर्छ।

तर एक जिवित पानीको मुहानले पम्प नगरी, नजोडि, केहि पनि नगरी त्यो सबै सित्तैमा दिदछ। ओ, त्यो मुहानको लागि म खुसी छु! हो श्रीमान्।

76 यसलाई कुनै किराहरु बाहिर निकाल्न चालनी आवश्यक हुदैन। किनकि यो यति गहिरो ताना आउछ, त्यहाँ चट्टानमा यतिसम्म कि त्यहाँ कुनै परजीवी हुदैन।

यसमा कुनै शैक्षिक झुत्रो झुण्डिनु जरूरी छैन, यो सहि हो, मानव निर्मित नामधारी संस्थागत ज्ञानको केहि संसार निर्मित प्राणालीले; एक मनोचिकित्सकको सामुन्ने राखी तपाई प्रचार गर्न सक्नुहुन्छ या सक्नुहुन्न भनि थाहा दिन जरूरी छैन। यसमा ती कुनै एक घृणित झुत्रो झुण्डिएको छैन। त्यसले ठिक बाहिर धकाल्छ जसै तपाईले त्यसलाई त्यहा राख्नुहुन्छ। तपाईले त्यो गर्न सक्नुहुन्न। त्यो कूवा हरेक समय भल्को मारिरहन्छ। तपाईले

ती मध्ये एउटा झुत्रो त्यसमा राख्नुहोस्, त्यसले बाहिर थुतेर एकपट्टि या त अर्को पट्टि फालिदिन्छ। त्यो संग यी नामधारी संस्थाको झुत्रोको लागि कुनै समय नै छैन।

77 त्यसलाई कुनै फिल्टर चाहिदैन, चालनी चाहिदैन, पम्प हल्लाउनु पर्दैन, त्यस्तो केहि पनि चाहिदैन। त्यो केवल त्यहा भलको मारिरहन्छ। त्यो भरिनलाई कुनै पनि स्थानीय झरीमा निर्भर हुन पर्दैन। *झरीहरु* "जागृति" हुन् जहा त्यो मुहान...त्यो जीवनको मुहानमा छ। "जहा सिनो हुन्छ, त्यहा गिद्ध भेला हुन्छ।" तपाईले कुनै जागृति पम्प गरेर ल्याउन पर्दैन; तपाईले केहि पनि पम्प गर्नपर्दैन। मात्र तपाईले गर्न पर्ने भनेको केवल मुहानमा आउनुहोस्। त्यो सधै पुरा रूपले असल, स्वच्छ पानीले भरिपूर्ण छ, र त्यसको कुनै अन्त्य छैन। यसले केवल भल्को दिईरहन्छ।

78 तपाईलाई कुण्डमा गएर यसो भन्नुपर्दैन, "ठिक छ, यदि झरी पर्यो र ढुकुटी पखालेर ल्यायो भने, हामीसंग पिउनको निम्ति केहि हुनेछ।" बुझ्नुभयो? मेरो, मेरो! यो होइन। त्यो उम्लिरहने कूवाको धारा राम्रोसंग चिसो पानीमा प्रत्येक समय बगिरहन्छ। तपाई त्यसमा भर पर्न सक्नुहुन्छ। तपाईले यसो भन्नुपर्दैन, "ठिक छ, म त्यो पुरानो पुरानो कुण्डमा नै जान्छ। हामीले त्यसबाट पिउने गर्थ्यो, तर यो धेरै समयदेखि पानी परेको छैन। म तपाईलाई भन्छु, त्यो सुक्खा हुनसक्छ।"

79 त्यहि तरिकामा छ यी केहि मानव निर्मित प्रणालीहरु। तपाई भित्र जान सक्नुहुन्छ, र यदि त्यहा एउटा ठूलो कुरा पाउनुभयो, एउटा ठूलो गुट केहि बेच्नको लागि, या—या कुनै तरिकाको केहि कुरा भईरहेको छ, एउटा ठूलो पार्टीहरु र केहि कुराहरु भईरहेको छ, कुनै बंको खेलहरु भईरहेको छ, र भुइतल्लामा पार्टीहरु भईरहेको छ, र सबैकुरा, तपाईले घर ती कुराहरुले भरिएको पाउन सक्नुहोला।

तर जहा तपाई त्यो सधै भल्को भईरहेको मुहानमा जानुहुन्छ, त्यहा मानिसहरुले एक असल र चिसो पानी पाईरहेको हुन्छ। तपाई त्यसमा भर पर्न सक्नुहुन्छ! भन्नुहोस्, "तिनीहरुमा जागृति दश वर्षदेखि भएको थिएन।" यदि तपाई त्यो मुहानद्वारा जिउनुभयो, उनमा सधै जागृति भईरहेको हुन्छ।

80 जस्तो कि एक सानो वेल्सको व्यक्तिले भनेका थिए। या, एक समय जब तिनीहरुको वेल्स जागृति हुदै थियो, त्यहाँ देशका केहि उच्चपदका मानिसहरु थिए। यी मध्ये केहि महान्; दिव्यताको डाक्टरहरु त्यहाँ वेल्समा गएका थिए, यो पट्ट लगाउन कि कहाँ र यी सब के को विषयमा हो भनि। त्यसैले तिनीहरुसंग आफ्नो घुमेको कलर थियो, र आफ्नो प्लग ह्याट थियो, र तिनीहरु तल सडकमा हिड्दै थिए।

र यहाँ एउटा सानो प्रहरी आउछ, आफ्नो सानो पुरानो लौरो आफ्नो हातमा घुमाउदै, सडकमा हिड्दै र सुस्केरा मार्दै गीत गाउछ "तल क्रूसमा जहा मेरो मुक्तिदाता मर्नुभयो, त्यहाँ तल पापबाट सुद्ध पारिएर म रोए; त्यहा मेरो हृदयमा रगत लागू गरियो, उहाको नाउको महिमा होस्,"

त्यसैले तिनीहरुले भने, "यो मान्छे हेर्दा धार्मिक जस्तो देखिन्छ, हामी गएर उहालाए सोधौ।" र तिनीहरुले भने, "श्रीमान्!"

उनले भन्यो, “हजुर, श्रीमान्?”

उसले भन्यो, “हामी यहा संयुक्त राज्यबाट आएका हौ। हामी एक प्रतिनिधि–मण्डल हौ। हामी यहाँ वेल्स जागृति भनौदा कुराको अनुसन्धान गर्न आएका हौ। हामी दिव्यताको डाक्टरहरु हौ, र हामी यी कुरा हेर्न आएका हौ।” उसले भन्यो, “हामी जान्न चाहन्छौ कि यो जागृति कहा हुदैछ, र कहा संचालन गरिन्छ।”

उनले भने, “श्रीमान्, तपाई ठिक ठाउमा आईपुग्नुभयो। म नै हुँ वेल्सको जागृति।” आमेन! “वेल्स जागृति म भित्र छ। यो नै हो जहा त्यो छ।”

81 त्यहि नै तरीकामा हो यो जब तपाई जीवित पानीको मुहानबाट जिउनुहुन्छ। यो हरेक समय जिउदछ, हरेक समय भल्को मारेको मारेकै गरिरहन्छ। त्यसको कुनै समाप्ति हुदैन। हुदैन, “जाऊ हेर यदि केहि पानी, यदि यहा वर्षा भएको धेरै समय भएको छैन भने,” त्यो त्यस्तो होइन। यो त्यो जीवित पानीको मुहान हो। जसरी मैले भने, त्यसले आफ्नो पानी सित्तैमा दिन्छ।

82 तपाईले ती झुत्रोहरु राख्नुपर्दैन, यो पत्ता लगाउन कि, केहि शैक्षिक झुत्रोहरु, उसलाई प्रचार गर्न पठाउनभन्दा अघि, र त्यसले आफ्नो शब्द ठिक उच्चारण गर्यो गरेन हेर्न, त्यसलाई ठिक बोल्यो बोलेन, कतै त्यसले नामहरु र सर्वनामहरु र अरु त्यस्तै, र विशेषणहरु प्रयोग गर्यो गरेन। कतिपयलाई थाहासम्म छैन कि तिनीहरु को हुन् भनि, तर उहा मुहानमा उहिनै भएर रहदैहुनुहुन्छ, बुझ्नुभयो, उहिनै भएर।

83 यसलाई भरिनको लागि स्थानीय झरीमा निर्भर हुनुपर्दैन या त स्थानीय जागृतिको लागि निर्भर हुनुपर्दैन। त्यसले त्यो गर्नुपर्दैन, किनकि त्यसको शक्ति र शुद्धता त्यो आफैमा छ। ठिक त्यहाँ वचन छ, त्यसको आफ्नै शक्ति! जब एउटा मानिसले आफ्नो हृदयमा यो प्राप्त गर्न सक्छ, त्यसले आफ्नो सुद्धता पाउछ। त्यसले आफ्नो शक्ति पाउछ। यो ठिक आफै वचनभित्र छ, त्यसले जीवनलाई फलाउछ।

84 इस्रायल यसबाट भाग्न खोज्थे, तिनीहरु समस्यामा पर्दथे। प्रत्येक समय तिनीहरु यसबाट भागेका थिए, तिनीहरु समस्यामा परेका थिए।

जस्तो अहिले हामी गर्दैछौ। जब जागृति त्यसबाट टाढा जान्छ, तब त्यो असल हुदैन। यसले आफ्नो लागि केहि कूवा खन्छ, र, या कुनै फोहोर कुण्ड खन्छ, र त्यो त्यहा जान्छ।

85 तर उहाले सधै तिनीहरुलाई सहायता गर्नुभयो। त्यो लाल समुन्द्रमा गनगनाउनु, त्यसपछि जब तिनीहरुले गनगनाए...अझै पनि, ती सबै भुलेर, उहाले प्रतिज्ञा गर्नुभएको थियो, तिनीहरुमा एक प्रतिक्षा राख्नुभयो। उहाले तिनीहरुलाई फर्काएर त्यहि पुर्याउन सक्नुहुन्थ्यो, जुन तरिकामा हामी हेर्छौ; तर उहाले तिनीहरुलाई त्यहा पारी पुर्याउन प्रतिज्ञा गर्नुभएको थियो।

उहाले के गर्नुभएको थियो? ती इस्रायलका छोराछोरीमा, उहाले तिनीहरुलाई आगोको खामो र सबैकुरा दिनुभएको थियो, एक प्रमाणको लागि, तिनीहरुको अगमवक्ता। र तिनीहरुलाई त्यो समुन्द्रमा डोर्याएर ल्याए। र, सधै, त्यहा त्यसको विरूद्धमा समस्या

थियो। र यहा आउछ फारो र उनको सेना। र तपाईलाई थाहा छ परमेश्वरले के गर्नुभयो? उहाले ठिक त्यो लाल, फोहोर कुण्डलाई खोल्नुभयो।

मृत समुन्द्र संसारकै मृत चिज हो। त्यो वास्तवमै मृत छ। त्यो फोहोर छ। त्यसमा केहि पनि बाच्न सक्दैन।

र उहाले त्यसलाई खोल्नुभयो र तिनीहरुलाई अर्को पट्टि स्वतन्त्र पार्नुभयो। उहाले तिनीहरुलाई त्यो ठाउमा लिनुभयो जहा तिनीहरु यी कुराहरुको वन्धनमा बस्नुपर्दैन थियो।

86 उजाडस्थानहरुमा, तिनीहरुले यो थाहा पाए कि ट्यांकीहरुमा भर गर्न सकिदैन; ती सुक्खा थिए। यो पत्तो पाए कि, ती सबै एउटा पानीको दुलोबाट भएर अर्कोमा जान्छ। जब तिनीहरु उजाडस्थानहरुमा थिए, तिनीहरु पानी पिउनको लागि मर्ने गरि तृषित भए। र तिनीहरु त्यहा भएको एउटा ट्यांकीमा जान्थे, एउटा तलाउमा; त्यो सुक्खा हुन्थ्यो। तिनीहरु अर्को ठाउमा पुगे; त्यो पनि सुक्खा थियो। तिनीहरु सोच्न पनि सकेनन् कि तिनीहरुले अब पिउन कहिल्यै पाउनेछैनन्।

र तब मरुभूमिको सबैभन्दा नसोचिएको ठाउमा तिनीहरुले पानी पाए। त्यो एउटा चट्टानमा थियो। त्यो एक चट्टानमा थियो। अति असम्भावित ठाउ जहा एक मानिसले कुनै पानी पाउनसक्छ, त्यो हो मरुभूमिको विचमा भएको सुक्खा चट्टान। तर, तपाई देख्नुहुन्छ, परमेश्वरले त्यस्ता कुराहरु गर्नुहुन्छ। अति असम्भावित ठाउमा, अति असाधारण तरीकाले काम गर्नुहुन्छ। त्यहि नै हामीसंग सधै भईरहेको छ।

87 तिनीहरुले सोच्छन् कि तपाईसंग ठूलो नामधारी संगठित संस्था, सबै संगै हुनुपर्दछ, र तिनीहरु सबैलाई संगै आउन दिनुपर्दछ र ठूलो काम गर्न दिनुपर्दछ, र आदि इत्यादि, र हजारौ सहकार्य पाउनुपर्दछ, र सबै *यस्तै* कुराहरु, गर्नुपर्दछ जागृति पाउनको लागि।

कहिले काहि परमेश्वरले सानो बुढो मान्छेलाई लिनुहुन्छ जसलाई ए, बि.सी सम्म आउदैन र ठिक ती अशिक्षित झुण्ड जसलाई मुस्किलले आफ्नो दाहिने हात र देब्रे हात थाहा छ तिनीहरुको विचमा उहाले जागृति उत्पन्न गराउन सक्नुहुन्छ जसले संसार हल्लाउन सक्छ। उहाले यूहन्नाको समयमा गर्नुभयो। उहाले यो अगमवक्ताहरुको समयमा गर्नुभयो। हामीलाई थाहा भए अनुसार, कोहि पनि कहिल्यै शिक्षित थिएनन्, तर परमेश्वरले तिनीहरुमा पकड राख्न सक्नुहुन्थ्यो र तिनीहरुबाट केहि गर्न सक्नुहुन्थ्यो।

88 यो चट्टानबाट पानी आयो। उहा चट्टान हुनुहुन्थ्यो। र उहाले यो चट्टानलाई आज्ञा गर्नुभयो, र त्यो च्यात्तिनै पर्थ्यो। र उहाले लगातार शुद्ध, स्वच्छ, सफा पानी ती सबैलाई दिनुभयो जसले त्यो बाट पिउदथ्यो। उहाले ती सबैलाई बचाउनुभयो जसले त्यसबाट पिउदथ्यो। यूहन्ना ३:१६ को एउटा सिद्ध समान्तर हो

*...किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाले आफ्नो एकलौटे पुत्रलाई दिनुभयो...जस—जसले उहामाथि विश्वास गर्छन्, तिनीहरु नाश हुनेछैनन् तर अनन्त जीवन पाउनेछन्,*

89 परमेश्वरले त्यो चट्टानलाई कलवरीमा च्यात्नुभयो। हाम्रो इन्साफ उहामाथि पर्यो, तकि उहाबाट जीवनको आत्मा आउन सकोस् र तपाईलाई र मलाई अनन्त जीवन दिओस्। त्यो मरुभूमिमा यो एउटा सिद्ध दृष्टान्त थियो।

90 तिनीहरुले कहिल्यै तान्न, खन्न, पम्प गर्न, या केहि पनि गर्न पर्दैन थियो; मात्र उहाले जुटाउनु भएको मार्गमा भागीदार हुनुपर्थ्यो, स्वतन्त्र रूपमा। जब, तिनीहरुले त्यो तलाउबाट खन्न पर्दैनथ्यो। तिनीहरुले बाल्टिनबाट तान्नु पर्दैन थियो। तिनीहरुले यो संग पाउनको लागि कुनै जाल राख्नुपर्दैन थियो। मात्र तिनीहरुले त्यसमा भाग लिनुपर्थ्यो।

र ती सबै अहिले छन्। तपाईले केहिमा शामिल हुनुपर्दैन। तपाई तल वेदीमा आएर कुनै किसिमको कार्य गर्नुपर्दैन, पम्प गर्नुपर्दैन। तपाईले कुनै शब्द भनेको भनेकै, भनेको भनेकै गर्नुपर्दैन, जबसम्म तपाईको भाषामा गोलमाल हुदछ। मात्र तपाईले गर्न पर्नेकुरा यो हो कि परमेश्वरले दिनुभएको बाटोमा स्वतन्त्र रूपमा भाग लिनुपर्दछ। कुनै पम्प गर्ने, धकाल्ने, केहि गर्नुपर्दैन; मात्र त्यसबाट स्वतन्त्र रूपमा लिनुहोस्। तपाईले केहि गर्नुपर्दैन, मात्र भाग लिनुपर्नेछ। त्यो मात्र विश्वास गर्नुहोस्। त्यहि नै सबै हो मैले भन्न सक्ने।

यसको लागि तिनीहरुले कहिल्यै केहि गर्नुपर्दैनथ्यो। त्यसको लागि कहिल्यै खन्न पर्दैन थियो। तिनीहरु कहिल्यै त्यहाबाट तल आएर त्यसको लागि पुरै रातभरी रुनुपर्दैन्थ्यो। तिनीहरुले मात्र त्यसमा भाग लिए; त्यो च्यातियो र तयार भयो। त्यो सहि हो।

91 म अहिले एकजना व्यक्तिलाई हेरिरहेको छु, जो यो कोठाको पछाडि पट्टि बसिरहनुभएको छ। मलाई याद छ उहाले भन्दै गरेको, एउटा पुरानो धनसारमा एकदिन, एउटा डूडमा।

र उसले भन्यो, “तर म असल छुइन।”

92 मैले भने, “मलाई थाहा छ तिमी असल छैनौ।” र मैले भने, “म पनि छैन।” तर मैले भने, “तिमीले तिमी को हौ त्यसमा हेरिरहेका छौ। र तिमी के छौ त्यसलाई हेर्न छोडिदेऊ, र उहा के हुनुहुन्छ त्यसमा हेर।”

उसले भन्यो, “यदि मैले मात्र यो चुरोटबाट छुटकारा पाएको भए, भाई ब्रन्हाम, म— म—म एक इसाई हुने थिए।”

93 मैले भने, “त्यसबाट छुटकारा नपाऊ। तिमी आफू असल हुन कोशिष गरिरहेको छौ र त्यसपछि उहामा आउन खोज्दैछौ। उहा कहिल्यै पनि असल मान्छेलाई बचाउन आउनुभएन; उहाले ती खराब मान्छेहरुलाई बचाउन आउनुभयो जसलाई आफू खराब छु भनि थाहा छ।”

उसले भन्यो, “ठिक छ...”

मैले भने, “सुन, तिमी नर्गमा जान चाहदैनौ, चाहन्छौ र?”

उसले भन्यो, “चाहदिन।”

94 मैले भने, “ठिक छ, तिमीले गर्नुपनि पर्दैन। उहा मर्नुभयो ताकि तिमी त्यसबाट भएर जान नपरोस्।”

उसले भन्यो, “मैले के गर्नुपर्छ त?”

मैले भने, “केहि गर्नुपर्दैन। यो त्यति सरल छ।”

उसले भन्यो, “यदि मैले कहिल्यै...”

95 मैले भने, “फेरी तिमी फर्केर चुरोटमा नै पुग्यौ। त्यो चुरोटको विषयमा सोच्न बन्द गरिदेऊ। मात्र याद राख, उहाको विषयमा सोच, उहाले के गर्नुभयो, उहा के हुनुहुन्छ; तिमी के हौ त्यो सोच्ने होइन। तिमी राम्रो छैनौ; र तिमी कहिल्यै थिएनौ पनि, र कहिल्यै हुनपनि सक्दैनौ। तर, उहा के हुनुहुन्छ, उहा नै एक हुनुहुन्छ!” र मैले भने, “अब, तिमीले गर्नपर्ने मात्र एउटा कुरा छ; यदि तल त्यहा उहाले तिम्रो स्थान लिनुभयो भने तिमीले मात्र इच्छाको साथ उहाले गर्नुभएको कुरा स्वीकार गर। तिमीले गर्न पर्ने मात्र एउटा कुरा छ, मात्र स्वीकार गर।”

“किन,” उसले भन्यो, “त्यो सरल छ। म त्यो गर्नेछु।”

96 मैले भने, “यहा छ बन्दरगाह।” बुझ्नुभयो? मैले उसलाई यहा माथि ल्याए र उसलाई येशु ख्रीष्टको नाउमा बप्तिष्मा दिए।

उसको केहि मानिसहरु यहि बसिरहनुभएको छ, र म—म जान्दछु मैले त्यो गर्दा उनीहरुलाई हास उठ्दो लागेको थियो, तर म के गर्दैथिए सो जान्दथे। मैले उसमा केहि इमान्दारिता देखेको थिए। मैले त्यहा देख्न सक्दथे, र मैले उसलाई लगे र उसलाई प्रभु येशुको नाउमा बप्तिष्मा दिए।

र, जब हामीले त्यो गर्यौं, त्यो धेरै समय अगी थिएन जबसम्म म उहाको छोरोको घरमा पुगेको थिए। हामीले एउटा—एउटा रूख निश्चित ठाउमा भाँचिएको दर्शन देख्यौ र एउटा व्यक्ति त्यसबाट खस्यो, र लगभग उसको ढाँड भाचिएको थियो। उनलाई अस्पताल लग्यौ। र त्यो रातमा प्रभुले मलाई प्रकट गर्नुभयो, त्यो नै चुरोटको अन्त्य थियो।

त्यसैले अर्को दिन उसले केहि चुरोट पिउन चाहन्थ्यो। मैले भने, “मैले उसलाई एक कार्टून किन्नेछु र उनलाई ल्याईदिनेछु। तिमी मात्र ध्यान देऊ र हेर उसको चुरोटको दिनहरु सकिएको छ।” त्यसपछि उसले एउटा पनि चुरोट पिएको छैन, र त्यसदिन पछि कहिल्यै चाहेनन् पनि। परमेश्वर!

97 देख्नुभयो, प्रथम कुरा तपाईले गर्नपर्ने यहि हो कि तपाई त्यो मुहानमा आउनुहोस्। तपाई त्यो पानीतिर यो जानेर आउनुपर्छ कि तपाईले गर्नसक्ने केहि छैन। उहाले चाहि तपाईको निम्ति के गर्नुभयो त्यो हो। तपाईले खन्न पर्दैन; तपाईले पम्प गर्नुपर्दैन; तपाईले *यो* छोड्नु पर्दैन; तपाईले *त्यो* छोड्नु पर्दैन। मात्र तपाईले गर्नपर्ने कुरा यो हो कि त्यहाँ आउनुहोस् र त्यसबाट पिउनुहोस्। त्यहि नै सबै हो। यदि तपाई तृषित हुनुहुन्छ भने, पिउनुहोस्।

98 अब, उहा चट्टान हुनुहुन्थ्यो। परमेश्वरले हाम्रो निम्ति उहालाई प्रहार गर्नुभयो, र उहाले प्रशस्त शुद्ध, सफा पानी दिनुभयो। र उहाले आज पनि तिनीहरुमा यहि गर्नुहुन्छ जसले विश्वास गर्नेछ। निश्चय नै, यो उहाको मानिस, हामीहरुमा उहाको अनुग्रह हो।

99 त्यहा केहि यस्तो छ, जुन आजका मानिसहरु जस्तै छन्, तिनीहरुले पाउन सक्ने सबै प्राप्त गर्न तयार छन्, तर त्यसको बदलामा कुनै पनि सेवा दिन चाहदैनन्। इस्रायलले चट्टानबाट पिउन तयार थियो, तर तिनीहरुले परमेश्वरलाई उहाको सेवा दिन चादैन थिए जुन उहाको थियो।

100 र उहाले हामीलाई सधै सेवा दिईरहनुभएको छ। तपाई जान्नुहुन्छ, हामी उहा विना श्वास सम्म पनि फेर्न सक्दैनौ। परमेश्वरको सेवा विना हामी श्वास पनि फेर्न सक्दैनौ। हामी यो तरिकाले उहामा निर्भर छौ। र, तैपनि, यदि हामी यस्तो गर्ने कोशिष गर्यौ भने यसले हामीलाई करिब दुइवटामा भाँचिदिन्छ, उहाको निम्ति केहि गर्नुपर्ने छ। उहाले हामीलाई केहि गर्नको निम्ति भन्नुहुन्छ, जाऊ र कसैलाई हेर, जाऊ र कसैको निम्ति प्रार्थना गरिदेऊ, जाऊ र कसैलाई मद्धत गर, त्यस्तो गर्नको निम्ति यसले लगभग हामीलाई तोडिदिन्छ। तर हामी उहालाई सेवाको निम्ति केहि गर्न चाहदैनौ।

101 उहाको गुनासो यो थियो, "तिनीहरुले मलाई, वचनलाई त्यागेका छन्; र, यसको सट्टामा फुटेको कुण्डलाई ग्रहण गरेका छन्। स्वीकार...तिनीहरुले मलाई, जीवनको मुहानलाई त्यागेका छन्, जीवनको पानीको मुहानलाई; र तिनीहरु इच्छा गर्दछन् र फोहोर कुण्डबाट पिउदछन्।" के तपाई त्यो कल्पना गर्नसक्नुहुन्छ?

102 के अहिले तपाई त्यो व्यक्तिलाई कल्पना गर्नसक्नुहुन्छ, कि, *यहाँ* उम्लिएको कूवा राम्ररी राखिएको छ, चूना पत्थरको पानी, ठिक त्यो चट्टानको मुटुबाट बाहिर निस्किएको, तल त्यो वालुवाको विस्तार, र त्यस्तै, जस्तो चिसो र राम्रो हुनसक्दथ्यो; र विपरितमा त्यहाको कुण्डबाट पिउछ, जुनले धनसार छतलाई पखालेर आएको छ, र फोहोर खसालेर आएको छ र सबै बाहिरको भवनहरुको चारैतिर ठाउबाट आएको छ? र ठिक त्यो कुण्डबाट ल्याएर राखेको छ, जहा पानीसंग फोहोर ठिक त्यहानिर धनसारबाट आईपुग्छ, तबेला र गोठबाट आउछ, र सबैकुरा पानीले छानेर ठिक त्यो कुण्डमा आईपुग्छ, र त्यसपछि हामी चाहन्छौ...र हामी उम्लिएको कूवामा जानुभन्दा अगाडि त्यसबाट पिउछौ? त्यहा त्यो व्यक्तिमा केहि मानसिक समस्या हुनुपर्छ। यो सहि हो।

103 र जब पुरुष या स्त्रीहरुले नामधारी संगठित संस्थालाई लिएर खडा हुन्छन्, जुनले कपाल काट्न दिन्छ, छोटो कट्टु लगाउदै, मेकअप, र सबै यी प्रकारका कुराहरु, र कुनै सानो खालको एक——एक कार्यक्रम, र यी सबै बोकेर, र बोलिंग एलेजमा गएर, र—— र ती सबै वाहियात कुराहरु त्यहा, र ती सबै कुरामा राखेर; र त्यस्तै त्यो भन्दा राम्रो बरु तिनीहरुले पुरानो——शैलीको परमेश्वरको वचन जसले काट्छ र खन्छ, र स्त्रीहरुबाट महिलाहरु बनाउछ, र तिनीहरुलाई लिएर ठिक लुगा लगाउने र ठिक व्यवहार गराउने, चुरोट र खैनीलाई लिएर, र शपथ खाने र श्रापित तुल्याउने, र झूटो बोल्ने र चोर्ने व्यवहारलाई तपाईबाट निकालेर, र तपाईलाई यस्तो कुरा दिन्छ जसले सिद्ध सन्तुष्टि दिदछ। किन पुरुष या एक स्त्री यी कुराहरुलाई आरामको लागि लिदछ? ती कुराहरुबाट कसरी तपाईले आराम पाउन सक्नुहुन्छ?

104 कसरी तपाईले फोहोर कुण्डबाट स्वच्छ पानी पिउन सक्नुहुन्छ? किन एक व्यक्तिले...यदि एक व्यक्ति फोहोर कुण्डमा पानी पिउन जान्छ भने, जब कि त्यहा खुला उम्लिएको कूवा छ, तपाई भन्नुहुनेछ, “त्यो मान्छेको दिमागमा केहि खराबी छ।”

र यदि स्त्रीले वा एक पुरुषले आराम पाउनको लागि त्यस्तो एउटा ठाउमा जान्छ भने, त्यहा त्यो व्यक्तिमा केहि आत्मिक खराबी हुनुपर्छ। तिनीहरु वचनलाई चाहदैनन्। त्यसैले देखाउछ कि तिनीहरुको स्वभाव अझै पनि एउटा भ्यागुता, या एउटा चेपागाड़ा, या त्यस्तै केहीको जस्तो छ, त्यो ठिक हो, केहि त्यस्तो स्वभावको जसले त्यस्तो फोहोर कुण्ड मन पराउछ, किनभने त्यो तरिकाका कुराहरु स्वच्छ पानीमा बस्न सक्दैन। तिनीहरुले सहन सक्दैनन्; यो स्वच्छ पानी हो। तिनीहरु बस्न सक्दैनन्।

105 अब, गुनासो यो थियो, “तिनीहरुले यो त्यागे।” र आज तिनीहरुले त्यहि गरेका छन्।

अब, त्यो कूवामा भएको स्त्रीलाई हेर्नुहोस्। ठिक छ, उनी याकूबको कुण्डमा आएकी थिईन्, र उनले त्यहाबाट सधैंनै पानी पाएकि थिईन्, त्यो याकूबको कुण्डमा। तर याकूबको कुण्ड, नामधारी संस्था, हामी यसलाई त्यो भनौ, किनभने उनले तीनवटा खनेका थिए; र यो उनले खनेका थिए। अब, उनको ठूलो कहानी थियो। उनले भनिन्, “अब, हाम्रो पिता याकूबले यो कूवा खनेका थिए। उनले यसबाट पिएका थिए, र उनका पशुले यसबाट पिएका थिए, र सबैकुराहरु थियो। के त्यो पर्याप्त मात्रामा राम्रो होइन र?”

106 उहाले भन्नुभयो, “तर त्यो पानी जुन तिमीले त्यसबाट तान्छौ, तिमी फेरी पनि तिर्खाउछौ, यो पाउनलाई फेरी यहि फर्केर आउनुपर्छ। तर,” भन्नुभयो, “जुन पानी म तिमीलाई दिदछु त्यो मुहान हो, एउटा गिजर भित्रबाट उम्लिरहेको छ, र तिमी यसलाई पाउनलाई यहा आउदैनौ। यो ठिक तिमीसंग छ।”

107 ध्यान दिनुहोस्। तर जब उनले पत्ता लगाईन् कि धर्मशास्त्र अनुरूपको मुहानले उनीसंग बोल्नुभयो, त्यो धर्मशास्त्र अनुरूपको चिन्हद्वारा जुन उनले खोजिरहेकी थिईन्, उनले त्यो याकूबको नामधारी संस्था प्रणालीलाई त्यागेर गईन् र फर्केर कहिल्यै पनि आईनन्, किनभने उनले वास्तविक चट्टान भेट्टाएकि थिईन्। बुझ्नुभयो? उनी शहरतिर गईन्। उनी त्यसद्वारा पापसंग थिईन्। उनी अब उप्रान्त अशुद्ध स्त्री रहिनन्। उनले भनिन्, “आऊ, हेर मैले कसलाई भेटे, एक मानिस जसले मैले गरेका सबै कुरा भनिदिए। के यो उहि ख्रीष्ट होइन र?” उनी...त्यो कुण्ड ठिकै थियो होला; त्यसले आफ्नो उदेश्यको सेवा गरिरहेको थियो। अब उनी साचो मुहानमा थिईन्। कुण्ड तबसम्म ठिकै थियो जबसम्म साचो मुहान खुलिएको थिएन। तर जब साचो मुहान आयो, कुण्डको आफ्नो बल हराउन थाल्यो। उनले पत्ता लगाईन् कि त्यहा पिउनको लागि अझै असल ठाउ छ।

108 र त्यहाँ एक उत्तम ठाउ छ। त्यहाँ एक उत्तम ठाउ छ, र त्यो ख्रीष्टमा छ। सन्त यूहन्ना ७:३७ र ३८, येशुले भन्नुभयो, छाप्रोवासको चाडको अन्तिमतिर, “यदि कोहि मानिस तिर्खाउछ भने, त्यो म कहा आओस् र मबाट पिओस्।”

तिनीहरु सबै खुसियाली मनाउदै थिए। तिनीहरुमा थोरै पानीको धारा थियो जुन वेदीको मुनिबाट आईरहेको थियो, र—र त्यहाँ तिनीहरु सबै त्यसबाट पिउदै थिए, चाडको

रमाहटमा पिउदै थिए। र भने, “हाम्रा पिताहरुले अजाडस्थानहरुमा आत्मिक चट्टानबाट पिएका थिए।” बुज्नुभयो, तिनीहरुले आफ्नो लागि कुण्ड खनेका थिए, केहि फोहोर पानी जुन तिनीहरुले कहीबाट पम्प गरेका थिए, र त्यस मन्दिरको मुन्तिर भल बनाएका थिए। र तिनीहरु सबै यो पानीको वरपर बस्थे र पिउथे, र भन्छन्, “धेरै वर्ष अघि, हाम्रा पिताहरुले उजाडस्थानमा पिएका थिए।”

येशुले भन्नुभयो, “म नै त्यो चट्टान हुँ जुन उजाडस्थानमा थियो।”

भने, “हामीले मन्न खायौ जुन स्वर्गबाट परमेश्वरले तल बर्षाउनु भएको थियो।”

109 भन्नुभयो, “म नै त्यो मन्न हुँ।” उहा, त्यो मुहान, तिनीहरुको माफमा उभिदै हुनुहुन्थ्यो। त्यो जीवनको रोटि तिनीहरुको माफमा उभिरहनुभएको थियो।

र अफै पनि तिनीहरुले त्यो चाहेनन्। तिनीहरु बरू त्यो कुण्ड लिन्छन्; किनभने, *यो* मान्छेले बनाएको थियो, र *त्यो* परमेश्वरले पठाउनुभएको थियो। वास्तविक भिन्नता त्यो थियो। तिनीहरुले आफ्नो निम्ति कुण्ड खाने।

110 उहाले भन्नुभयो, “यदि कोहि मानिस तिर्खायो भने, त्यो मकहा आओस् र म बाट पिओस्।” उहा त्यो मुहान हुनुहुन्छ।

र धर्मशास्त्रले भने अनुसार, “त्यसको अन्तस्करणबाट जिउदो पानीको खोलाहरु बगेर निस्कनेछ।” ओ, उहा त्यो उम्लिएको कूवा हुनुहुन्छ! “त्यसको अन्तस्करणबाट, अन्तरआत्माबाट, जीवित पानीको खोलाहरु बग्नेछन्।”

111 उहा त्यो चट्टान हुनुहुन्छ, जुन...जुन त्यो हागरको चट्टान थियो, उनको संकष्टको बेलामा; जब उनको बच्चा मर्ने अवस्थामा थियो, जब उनलाई शिविरबाट बाहिर राखिएको थियो, उनी सानो इस्माएलसंग बाहिर राखिएकी थिईन्।उनको पानी जुन उनले लिएर आएको उनको कुण्डमा थियो त्यो दिएर सक्किसकेको थियो र उनले सानो इस्माएललाई तल डोर्याईन्; र हिडिन्, एक काँडले पार दूरीमा, र डाको छोडी रोईन्, र, ओ, किनकि उनले बालक मरेको हेर्न चाहिनन्। र एकैचोटिमा, परमप्रभुको स्वर्गदूतले बोल्नुभयो, र उनले...उनले बेरसेवा पाईन्, त्यो कूवा जुन बगिरहेको थियो, र अफै आज पनि बगिरहेको छ। ऊ हागरको बेर–सेवा हुनुहुन्थ्यो, त्यो चट्टान जुन उजाडस्थानमा थियो।

112 यो यहाँ मुहानमा त्यो दिन रगतले भरिएर खडा हुनुहुन्थ्यो, त्यो मन्दिरमा खडा हुनुहुन्थ्यो। [टेपमा खालि स्थान—सम्पा]...हुरीको समय। जकरियाको १३ औ अध्यायमा, उहा त्यहाँ मुहान हुनुहुन्थ्यो जुन दाऊदको घरमा खेलिएको थियो, शुद्धताको निम्ति, र पापको लागि पाप शुद्ध पारिनको लागि। उहा त्यो मुहान हुनुहुन्थ्यो। र भजनसंग्रह ३६:९ मा उहा दाऊदको जीवनको मुहान हुनुहुन्थ्यो, उहा अफै पनि दाऊदको घरमा त्यो मुहान हुनुहुन्छ।

र उहा नै कविको, त्यहाँ उहाको हृदयमा थियो। कविले भनेका थिए:

त्यहा रगतले भरिएको मुहान छ,
जुन इम्मनुएलको नशाबाट झरेको छ,
जब पापीहरु बाढीको मुनि डुब्छन्,
तिनीहरुको सबै दोषको कलंक हराउदछ,

उहा त्यो जीवनको मुहान हुनुहुन्छ, पानीको मुहान हुनुहुन्छ। उहा परमेश्वरको वचन हुनुहुन्छ।

113 यी दिनका मानिसहरू उहालाई त्यागेका छन्, जो साचो बचन हुनुहुन्छ, जो जीवनको पानी हुनुहुन्छ; र तिनीहरू आफ्नो निम्ति नामधारी संस्थाको कुण्ड बनाएका छन्; र, फेरी पनि खनेका छन्।

114 र अब हामीले पाउदछौ कि, तिनीहरूसंग फुटेका कुण्डहरू छन्। र यो कुण्ड अविश्वासी किटाणुहरू, अविश्वासी अहंकार, शैक्षिक कार्यक्रमहरू, आदि इत्यादिले भरिएको छ, जुन परमेश्वरको प्रतिज्ञा विपरीत छ । तिनीहरू वचनको शंकाकर्ताहरू हुन्।

115 अब, यी कुण्डहरू जुन तिनीहरूसंग छन्, बाइबलले भन्दछ, त्यो, “फुटेको” छ। *फुटेको* कुण्ड एक “चुहिने” कुण्ड हो, र त्यो बाहिर चुहिरहेको छ। त्यसले के गर्दैछ? त्यो एउटा धार्मिक मलगर्तमा चुहिरहेको छ जसलाई विश्व मण्डली परिषद् भन्दछ। र त्यही नै फुटेको कुण्डले तिनीहरूलाई अगुवाई गराउदैछ, सबै किनकि तिनीहरूले उहालाई त्यागेका छन्, र छन्...जीवित पानीको मुहान छ; र पनि कुण्डहरू निर्माण गरेका छन्।

116 शिक्षा आर्जन, शिक्षा, आदि इत्यादी ठुला सेमिनारी प्रणालीहरू खन्दै छन्। त्यहि नै प्रकारको कुण्डहरू तिनीहरूले आज खन्दै छन्, जुनमा कुनै ब्यक्तिले प्रचार गर्न जान भन्दा अगाडि पीएच.डी, या एलएल.डी, या एक आर्टको स्नातक, या कुनै त्यस्तो कुरा हुनुपर्ने हुन्छ। त्यो कुण्डहरू जुन मानव निर्मित थियोलोजीले भरिएको छ। तिनीहरूले यी कुराहरू ज्ञान आर्जनको लागि यी ठुला ठुला विद्यालयहरूमा लैजान्छन्, र त्यसमा तिनीहरूले आफ्नो मानव निर्मित थियोलोजी घुसाउछन्, र तिनीहरूले ती सबैले भरेर बाहिर पठाउछन्। कस्तो दिनमा हामी बाचिरहेका छौ, मानब निर्मित कुण्डहरू! कुनै समस्या छैन...कुनै आश्चर्य छैन कि यी कुराहरू दुर्गन्ध भएको छ, ओ, यो किनकि मानिसहरूले त्यसबाट पिउदछन्।

117 र जब मानिसले खुसीयाली चाहदछन्, तिनीहरूले के गर्दछन्? मानिसहरूले, प्रभुको रमाहट स्वीकार्नुको सट्टामा, तिनीहरू रमाहटको निम्ति पापमा फर्कदछन्। मानिसहरू जो मण्डलीमा जान्छन् र ख्रीष्टको दास हुँ भनि दाबी गर्छन्, जब तिनीहरू वास्तवमै दुर्बल हुन्छन् तिनीहरू चुरोट सल्काउन थाल्छन्। र जब तिनीहरू—जब तिनीहरू केहि रमाइलो गर्न चाहन्छन्, तिनीहरू आफ्नो अनैतिक लुगामा टाँसिन्छन्, र बाहिर जान्छन् र जब पुरुष छेउबाट हिड्दा तिनीहरूमा त्यस पुरुषले सुसेली मारुन् भनि आफ्नो अनैतिक व्यवहार देखाउछन्। आफू प्रख्यात हुन तिनीहरूले जे पनि गर्दछन्। तिनीहरू चलचित्रका ताराहरू जस्तो देखिन चाहन्छन्। त्यही नै तिनीहरूको खुसी हो।

जब येशुले भन्नुभयो, “म नै तिनीहरूको प्रशस्तता हुँ।”

तिनीहरू त्यहा जानुको कारण यो हो, किनकि तिनीहरूले मुहानबाट पिउन चाहदैनन्। तिनीहरूले त्यसलाई लत्याएका छन्। तिनीहरू त्यसबाट पिउन चाहदैनन्। तिनीहरूले आफैलाई कुनै मानव निर्मित प्रणालीमा शमिल गराउछन्, कुनै प्रकारको एक कुण्डमा जुन सबै प्रकारको दुर्गन्ध कुराहरूले भरिएको छ; ताकि तिनीहरू त्यही गर्दै जान सकून्।

118 हिजो, हामीले नदिको छेउमा केटाकेटीहरूलाई लग्यौ। मलाई लाग्छ त्यो शनिवार बिहान थियो। हामी तल गयौ, विल्ली डुंगामा बसेर माछा मार्दै थियो। र हामीले केटाकेटीहरूलाई माथि लग्यौ, मेरो सानो नाती र अरु, मेरी छोरी, र मेरो सानो छोरा, र हामी सबै डुंगामा चढ्नलाई नदिनिर गयौ। नदीमा घृणित, फोहोरी, डरलाग्दो मान्छेको लागि, आधा नग्न र त्यसै भई बस्नेलाई लिएर तपाई नदीमा डुंगाको सवारी पनि लिन सक्नुहुन्न। एउटा डुंगा जुन हाम्रो छेउमा; एउटा समूह सानो बाह्र, चौध वर्षका केटाहरू, जो प्रत्येकले हातमा बियरको क्यान र चुरोट समातेका झुण्डलाई लिएर कुदिरहेको थियो। तिनीहरूले त्यसलाई "रमाइलो गरेको" भन्दछन्। ओ, कति समयसम्म यो संसार यी प्रणालीमा भई टिक्न सक्छ?

119 तब आफैलाई यी विचारहरूबाट मुक्त गर्नको लागी कि जब तिनीहरू मर्दछन्, तिनीहरू नरकमा जाँदछन्, तिनीहरू यी गर्दछन्, तिनीहरू जाँदछन् र यी मध्ये एक मानव—निर्मित कुण्डहरूमा शामिल हुँदछन् ताकि ती उही प्रकारका मानिसहरू त्यो कुण्डमा हुन सकोस्। त्यो, केहि नभएर संसारको एक असुद्ध, घृणित हल्लिने–पुच्छरहरु को समूह हो। र तिनीहरू आफैलाई त्यससंग आबद्ध गराउदछन् किनभने, जसरी मेरी बुढी आमाले भन्ने गर्थिन्, "प्वाँखवाला पंक्षीहरूको एउटै झुण्ड हुन्छ।" तिनीहरू मुहानमा आउदैनन् र ती पापको जीवनबाट शुद्ध हुदैनन्। तिनीहरू त्यहा बाहिर जिउन चाहन्छन्, र अझै पनि तिनीहरू इसाईहरू हुन् भन्ने गवाही समात्न चाहन्छन्। किन? तिनीहरू उहाबाट टाढा गएका छन्, जो साचो खुसीको मुहान हुनुहुन्छ, सिद्ध जीवन र सन्तुष्टि हुनुहुन्छ। त्यही नै कारणले तिनीहरूले यसो गरे, किनकि तिनीहरू त्यसमा शामिल हुन चाहन्छन्। तिनिहरूसंग ती प्रकारका मानिसहरू छन् जसले यी किसिमका कुराहरूमा विश्वास गर्दछन्।

120 यहा धेरै समय भएको छैन, भाइ फ्रेड र म, र भाइ टम, हामीहरूको एक झुण्ड एउटा सूचित गरिएको बप्टिस्ट मण्डली गयौ जुन ट्युकसनको शहरमा थियो, यो हेर्नको लागि कि हामीलाई केहि यस्तो कुरा पाउदैनौ कि जसले हामीलाई थोरै ताजा महसुस गराउन सक्दछ। र सेवकले मिश्रका मानिसहरू बिषयमा केहि भिन्न बेग्लै कुरा भनिदिए, जादा तिनीहरू निस्केर आए तिनीहरूले लसुन र त्यस्तै कुराहरू खाएका थिए, तिनीहरू फर्केर त्यही गएर त्यही खान चाहे। भने, "त्यो एक प्रकारको आजका मानिसहरू जस्तै हो।"

र, हामी, सबैजनाले "आमेन!" भन्यौ! हामीले कहिल्यै त्यस्तो झुण्ड देखेका थिएनौ! र ती सबै मण्डलीका मानिसले प्रचारकलाई नहेरेर त्यो "आमेन" भन्ने को हुन् भनेर पछाडि फर्केर हेरे। मृत्युसम्मको डर दिलाउन मन पर्यो। त्यो के हो भनि तिनीहरूले जान्दैन थिए।

दाउदले भने, "हर्षका गीत गाउदै प्रभुको सामुन्ने आओ। वीणा र सारंगी बजाएर उहाको प्रशंसा गर, सास हुने हरेक प्राणीले परमप्रभुको प्रशंसा गरोस् र परमप्रभुको प्रशंसा

गर!" परमेश्वर आफ्नो मानिसहरूमा हर्ष मनाउनुहुन्छ। तिनीहरूले "आमेन" भन्न सिक्न देऊ जब कुनै पनि कुरा ठिक बोलिन्छ।

121 किन यो प्रणाली र संसारको कुण्डहरूबाट फर्केर, परमेश्वरको विश्वासयोग्य प्रणालीमा, जुन उम्लिएको कूवा हो, येशु ख्रीष्ट? किन तपाई उहामा फर्कनुहुन्न, जहाँ परमेश्वर हाम्रो हर्षको प्रशस्त आपूर्ति हुनुहुन्छ, हाम्रो प्रशंसाको प्रशस्त आपूर्ति हुनुहुन्छ, हाम्रो सन्तुष्टिको प्रशस्त आपूर्ति हुनुहुन्छ? मेरो नशाको शान्ती परमेश्वरबाट आउदछ।

जब म टुटेको हुन्छु, मेरो सन्तुष्टि म ख्रीष्टमा पाउदछु, एक चुरोटमा होइन, कुनै संसारको कुराहरूमा होइन, कुनै धार्मिक पथमा शामिल भएर होइन; तर उहा पाएर, त्यो प्रतिज्ञाको बचनमा जहाँ उहाले भन्नुभयो, "यदि म टाढा गए भने, म फेरी तिमीहरूलाई प्राप्त गर्न आउनेछु।" मैले मेरो आनन्द त्यहा पाउदछु। उहा मेरो हर्ष हुनुहुन्छ।

122 तिनीहरूले आज भन्छन्, यी कुराहरूमा शामिल भएर र विश्व मण्डली परिषद् बनाएर, तिनीहरूले यो ठाउँ बस्न निम्ति अझै राम्रो बनाउन जादैछन्। मेरो इमान्दार विचारमा, तिनीहरूले पाप गर्नको निम्ति यो ठाउँ राम्रो बनाउन जादैछन्। यो मात्र...सारा कुरा जसरी पनि पाप गर्नको निम्ति हो; जिउनको निम्ति होइन, तर त्यसमा मर्नको निम्ति हो। यसलाई बस्नको सट्टामा पाप गर्नको निम्ति, या पाप गर्नको निम्ति बनाउदैछन्।

123 कुनै पनि कुरा येशु ख्रीष्ट र उहाको जीवनको वचन बाहिर छ भने त्यो एक फुटेको कुण्ड हो। कुनै पनि कुरा जुन त्यसको साट्टोमा आउने कोशिष गर्छ अरु; कुनैपनि कुरा जुन तपाईले आफ्नो निम्ति शान्ति ल्याउन कोशिष गर्नुहुन्छ, कुनै पनि कुरा जुन तपाईले आफूलाई आराम ल्याउने कोशिष गर्नुहुन्छ, कुनै पनि प्रकारको आनन्द जुन तपाईले अरु कुनै कुराबाट प्राप्त गर्नुहुन्छ, जुन यसको प्रतिस्थानमा आउछ, त्यो एक कुण्ड हो जुन घृणित कुराले भरिपूर्ण छ। उहाले सिद्ध सन्तुष्टि दिनुहुन्छ।

124 मलाई याद छ यहाँ, केहि गर्मी समय अघि, मैले पछाडि द्वारमा कदम राखे। त्यहाँ एकजना युवा स्निकलफ्रिज थियो जसले मलाई यो भन्यो, "तपाईलाई थाहा छ, तपाईले जहिले स्त्रीहरु, तिनीहरुले लगाउने छोटो कपडा र आदि इत्यादिको विषयमा बोलिरहनुको कारण," उसले भन्यो, "किनभने तपाई बूढो मान्छे हुनुहुन्छ।" भन्यो, "त्यहि नै कारण हो।"

मैले भने, "यहाँ हेर, तिम्रो उमेर कति भयो?"

भन्यो, "सत्ताईस"

125 मैले भने, "जब म तिमीभन्दा धेरै वर्ष जवान थिए, मैले उहि कुरा प्रचार गरेको थिए।"

मैले सन्तुष्टिको एक मुहान भेट्टाएको छु। उहा मेरो भाग हो। आमेन! जबसम्म उहाले त्यो आपूर्ति गरिरहनुहुन्छ, त्यहि नै सुन्दरता हो। त्यो—त्यो मेरो...मेरो कला, उहालाई हेर्दैछ, उहाको हातले काम गरेको हेर्दछ र उहाले के गर्दैहुनुहुन्छ त्यो हेर्दैछ। त्यहाँ कुनै अर्को मुहान मलाई थाहा छैन!

ओ, त्यो प्रवाह अमूल्य छ
जसले मलाई हिऊ जस्तै सेतो बनाउछ;
अरू कुनै मुहान म जान्दिन,
अरू होइन येशुको रगतले

त्यहा एक मुहान छ जुन रगतले भरिपूर्ण छ,
इम्मानुएलको नशाबाट झरेको छ,
जहा पापीहरु भलको मुनी डुब्दछ,
तिनीहरुको सबै दोषको कलंक हराउछ,

126 म तपाईलाई भन्दैछु, त्यो मुहान बाहेक अरु कुनै मुहान म जान्दिन। यसले मलाई सफा गर्यो जब म फोहोर थिए। यसले मलाई सफा गरिनै रहन्छ, किनभने म यसमा सहि जिउन चाहन्छु, यो स्वच्छ पानी पिउन चाहन्छु जसले मेरो प्राण आनन्दले भरिदिन्छ।

म कहिले काही यति तल गिर्न सक्छु, र यहाँ भन्दा बढि जान मलाई कठिन महसूस हुन्छ...अर्को पालीमा, म कुनै ठाउमा जान सक्दिन; तब म घुँडा टेक्न सक्छु र मेरो औला प्रतिज्ञामा राख्दछु, र भन्छु, “प्रभु परमेश्वर, तपाई मेरो सामर्थ हुनुहुन्छ। तपाई मेरो सन्तुष्टि हुनुहुन्छ। तपाई नै मेरो सबको सब हुनुहुन्छ।” म महसूस गर्नसक्छु कि केहि मेरो भित्र भल्को मारिरहेको। म त्यसबाट बाहिर आउदछ।

127 जसरी मैले पचास वर्ष नाघे, म एक विहानमा उठ्छु, तपाईलाई त्यो कस्तो हुन्छ, तपाईले मुस्किलले पनि पलंगबाट एउटा खुट्टा बाहिर निकाल्न सक्नुहुन्न। मेरो, तपाईले मुस्किलले पनि त्यो गर्नसक्नुहुन्न; र कोहि ढोकानिर, ढकढकाउछ, या विल्लिले मलाई भन्छ त्यहा आकस्मिक कार्य छ, कहिँ मलाई गईहाल्न पर्नेछ। र म सोच्छु, “म कसरी यो गर्नसक्छु?” एउटा खुट्टा बाहिर निकाल्न कोशिष गर्छु।

म सोच्छु, “तपाई मेरो बलले भरिपूर्ण मुहान हुनुहुन्छ। आमेन! मेरो बल र सहायता परमप्रभुबाट आउछ। तपाई मेरो उम्लिएको कूवा हुनुहुन्छ! तपाई मेरो युवा अवस्था हुनुहुन्छ! ‘तिनीहरु जसले प्रभुमा प्रतिक्षा गर्दछ तिनीहरुको बल नया हुदछ; तिनीहरु चिल जस्तै उच्च उच्चमा उड्नेछन्; तिनीहरु अघि बढ्नेछन्, र थाक्ने छैनन्, तिनीहरु हिड्नेछन्, र ढल्नेछैनन्।’ प्रभु परमेश्वर, त्यहाँ जानको लागि यो मेरो कर्तव्य हो। म कर्तव्यको पदमा बोलाईएको हुँ।” र पहिलो कुरा तपाईलाई थाहा छ, म भित्रको केहि कुरा गदगद गर्न शुरू गर्छ।

128 केहि दिन अगि, पारी त्यो एउटा सानो ठाउमा, टोपेका, कानसासमा मेरो सेवा हुदै थियो; त्यहाँ एउटा केटा थियो, यूवा प्रचारक, मेरो एउटा पहिलो प्रायोजाग मध्ये एक थियो। भाई रोय, यहा बसिरहनुभएको, त्यो ठाउ सम्झनुहुन्छ। यसमा, यो महान् ठाउमा त्यहाँ, त्यहाँ एउटा—एउटा...यो सेवकको एउटा छत मुनि या कुनै स्थानमा ठाउ थियो, र एउटा पट्टिको पर्खालले उसलाई तल मिचेको थियो। यो सानो मित्र मर्न लाग्दै थियो। उनको कलेजो फाटेको थियो। उसको प्लिहा आफ्नो ठाउबाट निस्केको थियो। ठुलो वजन उ माथि खसेको थियो।

129 म ब्रेकफास्टको लागि बसे, मेरो श्रीमतीसंग कुरा गर्दै थिए। मैले भने, “श्रीमती, तिमीलाई थाहा छ, यदि येशु हुनुभएको भए, तिमीलाई उहाले के गर्नुहुन्थ्यो?” मैले भने, “जब उसले मलाई प्रायोजन गर्यो, ‘म त्यो वचन विश्वास गर्छु,’ उसले ख्रीष्टलाई प्रायोजन गर्दै थियो।” र मैले भने, “त्यो शैतानको चाल हो।” मैले भने, “यदि येशु यहा हुनुभएको भए, उहा जानुहुन्थ्यो र उहाको पवित्र हात उसमाथि राख्नुहुन्थ्यो। त्यो केटा निको हुने थियो। उसको कलेजो फुटेको भएता पनि। उ निको हुनेथियो, किनभने ऊ वास्तवमा को हो भनि जानेर उहा त्यहाँ हिड्नुहुन्थ्यो। उहालाई आफ्नो बोलावट थाहा थियो, धर्मशास्त्र सहि थियो, उहा को हुनुहुन्छ भनि जान्नुहुन्छ भनि साबित गर्दै थियो, र एउटा पनि...र कुनै पनि संका छैन। उहाले आफ्नो हात उसमाथि राख्नुहुन्थ्यो, र भन्नुहुन्थ्यो, ‘छोरा, निको होऔ,’ त्यहाँबाट उठेर हिड्,” र मैले भने, “त्यहा नर्गमा पर्याप्त दुष्टहरु छैनन् जसले यो केटालाई मार्न सकोस्, तब” मैले भने, “ऊ निको हुनेछ।” तर मैले भने, “तिमीले देख्यौ, हनि, उहा येशु हुनुहुन्थ्यो, परमेश्वरको पवित्र हात।”

मैले भने, “म एक पापी हुँ। म शारीरिक सम्बन्धबाट जन्मिए। मेरो पिता माता दुवै पापी थिए, र म कुनै असल छुइन।”

र मैले भने, “तर तपाईलाई थाहा छ के? यदि प्रभुले मलाई दर्शन दिनुहुन्थ्यो र मलाई त्यहाँ पठाउनुहुन्थ्यो भने, तब कुरा बेग्लै हुन्थ्यो।” मैले भने, “म तल जाने थिए र मेरो हात उ माथि राख्ने थिए, उनी त्यो पलंगबाट उठेर आउने थियो यदि उहाले मलाई दर्शन दिनुभएको भए।”

130 तब मैले सोच्न थाले, “आखिरमा, यदि यो दर्शन होइन भने, यो के थियो? यो उसमा त्यहि फोहोर हात थियो, अ–ह, त्यहि मानिसले प्रार्थना गर्दथ्यो, उहि फोहोर हात।”

तब मैले सोच्न थाले, “म उहाको प्रतिनिधित्व हुँ। तब, परमेश्वरले मलाई हेर्नुहुन्न। त्यो धार्मिक व्यक्तिको रगत त्यहा वेदीमा रहदछ; जसले मेरो विन्तीभाऊ गराउदछ। उहानै मेरो प्रशस्तता हुनुहुन्छ। उहा मेरो प्रार्थना हुनुहुन्छ। उहा मेरो जीवन हुनुहुन्छ।” मैले भने, “मात्र त्यो कुराले मेरो हात उसमाथि राख्न दिन्छ, विश्वासले दिन्छ, किनकि मसंग दर्शनको विश्वास थियो। र दर्शन बिना त्यहि विश्वासले उहि काम गर्थ्यो; त्यसैले मैले आफैलाई केहि सोच्न सक्दिन, तर मेरो सबका—सब उहामा नै स्थिर रहन्छ। उहा मेरो जीवन हुनुहुन्छ। उहा मेरो आदेश दिनेवाला हुनुहुन्छ। कुनै नामधारी संस्थाले मलाई पठाएको होइन; उहाले मलाई पठाउनुभयो। हल्लेलुयाह! म उहाको नाउमा जान्छु। म उसमाथि मेरो हात राख्छु।” तल गए र त्यस केटा माथि हात राखे, त्यस रातमा उनी त्यस सेवामा थिए, पूर्ण रूपमा निको थिए। आमेन।

131 ओ, हो, उहा त्यो मुहान हुनुहुन्छ। “कुनै अरू मुहान म जान्दिन, अरु होइन तर येशुको रगत!” म एक दुर्गन्धित छु, म एक पाखण्डी हुँ, हामी प्रत्येक यहि हौ, तर परमेश्वरको अगाडि हामी सिद्ध छौ। ये...“तिमीहरु सिद्ध हौ, जसरी तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ।” कसरी तपाई हुन सक्नुहुन्छ? किनभने सिद्ध हुनुहुनेले त्यहाँ हाम्रो प्रतिनिधित्व गर्नुहुन्छ। त्यो मुहान त्यहा सधै स्वच्छ हुन्छ। कुनै दुर्गन्धित केहि होइन, तर सधै सफा हुन्छ, जुनले मेरो सबै पापहरु धोईदिन्छ। उहा त्यो मुहान हुनुहुन्छ।

132 अब, अन्तिममा, म यो भन्न सक्छु। कुनै पनि कुरा यो भन्दा भिन्न छ भने त्यो फुटेको कुण्ड हो, र अन्त्यमा तपाईले के राख्नुहुन्छ त्यो चुहिन्छ; यदि तपाईले तपाईको सबै आशा, सबै समय, र सबै कुरा, यी मध्ये एउटा दुर्गन्धित कुण्डमा राख्दै हुनुहुन्छ भने। येशुले भन्नुभयो ती फुटेको कुण्डहरु हुन्। परमेश्वरले भन्नुभयो, "ती सबै फुटेका छन्, र तपाईले जे पनि त्यहा राख्नुहुन्छ त्यो चुहिनेछ।" तपाई त्यहाँ टाढासम्म जान सक्नुहुन्न किनभने त्यो चुहिन्छ। किनभने उहा मात्रै सत्य बाटो, जीवन, र अनन्त आनन्द, र अनन्त शान्ति हुनुहुन्छ। उहा एक मात्रै बाटो हुनुहुन्छ। ओ।

133 जीवनको अतूलानिय महान येशु ख्रीष्ट हुनुहुन्छ। किन? र उहा को हुनूहुन्छ? उहा वचन, उहि; वचन, जीवन, मुहान हुनुहुन्छ जो, "हिजो, आज, सधैभरि एक समान हुनुहुन्छ।" सच्चा विश्वासीको लागि, उहा उसको सर्वोच्च आनन्द, उसको सर्वोच्च जीवन हुनुहुन्छ। र उसको सर्वोच्च सन्तुष्टि ख्रीष्टमा हुन्छ। कुनै पम्प गर्नुपर्दैन, कुनै तान्ने, कुनै शामिलता, कुनै प्रति सहिष्णुता चाहिदैन; मात्र विश्वास गर्ने र विश्राम गर्ने हो। उहा त्यहि नै हुनुहुन्छ विश्वास गर्नेहरुको लागि।

134 पिता अब्राहाम जस्तो; उनले कहिल्यै तानेनन्, उनी कहिल्यै दिक्क भएनन्, उनी कहिल्यै चिन्तित भएनन्। उसंग वचन थियो। उनी एल–शेदाईको छातीमा रहे। जब अब्राहाम एक सय वर्षका थिए, परमेश्वर उनमा देखा पर्नुभयो, र भन्नुभयो, "म सर्वशक्तिमान हु।" हिब्रूकको शब्दमा *एल–शेदाई* को अर्थ, "दूध भएको।" "र त बूढो भएको छस्, र तेरो बल हराएको छ तर मेरो छातीमा बस र आफ्नो निम्ति यो मुहानबाट ताकत लिई।" आमेन। उनले आफ्नो लागि के गरे त? एउटा नया शरीर पाए। साराबाट उनले एउटा बच्चा पाए। र, पचास वर्ष पछि, उनको अर्को श्रीमतीबाट सातवटा छोराछोरीहरु भए।

135 ओ, एल–शेदाई! पुरानो कराररले उहाले के गर्नुभयो त्यो देखाउछ, नया कराररले उहाले के गर्नुहुनेछ त्यो भन्दछ। आमेन! पुरानो करारमा...

136 अब हावा बन्द भएको छ, त्यसैले म छिटो गर्नेछु र यहि बन्द गर्नेछु, मात्र एक मिनेटमा।

मैले समाप्त गर्नुभन्दा अघि यो भन्न चाहन्छु। मसंग यो कुराको लागि एकचोटी राम्रो उदाहरण थियो। मैले गस्ती गर्दैथिए। र यहा धेरै जना...तल जोर्ज टाउनमा, त्यहाँ तल मिल्टोनमा, पछाडि डाँडामा, एउटा मुहान हुनेगर्थ्यो। त्यो एउटा उम्लिएको कूवा थियो। त्यसले लगभग चार या पाँच फिटको धारा फालेको थियो, हरेक समय बाहिर फालिरहेको हुन्थ्यो, र महान् ठूलो मुहान चारैतिर थियो।र ठिक त्यहाँ धेरै पेन्नीरोयल, तपाई जान्नुहुन्छ, ती कुराहरु हुर्किदै थियो, जुन मिन्ट जस्तो थियो। र, ओ, म त्यहाँ पुग्नलाई तृषित हुनेगर्थ्यो, ओ, त्यो मुहानमा पुग्नलाई। र मैले मेरो यी कुराहरु रख्थेर मात्र पिउथे र पिउथे, र तल बसेर पिउथे, पर्खन्थे।

र वर्ष पछि वर्ष म अझै पनि यहि मुहानमा आउनेछ। यो कहिल्यै सुक्ने छैन, जाडोमा होस् या गर्मी। तिनीहरुले त्यसलाई जमाउन सक्दैनन्। तपाईले उम्लिएको कूवालाई जमाउन सक्नुहुन्न। ओ, होइन! ओ, होइन! मलाई वास्ता छैन कति—कति चिसो छ

त्यो, त्यसले यसलाई जमाउन सक्दैन। तपाईले कुण्डलाई जमाउन सक्नुहुन्छ; मात्र सानो तुषारले त्यो गर्नसक्छ। बुज्नुभयो?

तर कुनै पनि कुरा जुन चल्दैछ, जुनमा जीवन छ, त्यो चारैतिर घुम्दछ। र तपाईले उम्लिएको कूवालाई जमाउन सक्नुहुन्न। चाहे जतिसुकै त्यो स्थानको वरपर उदास आत्मा भएतापनि,यो कूवा सधै जीवित नै हुन्छ। त्यो कूवामा जिउनुहोस्।

137 र म त्यसमा ध्यान दिनसक्छु, म त्यहाँ गएर त्यसबाट पिउथे, र, ओ, कति स्वच्छ पानी! तपाई कहिल्यै चिन्तित हुनुपर्दैनथ्यो, "आश्चर्य छ, यदि म त्यहा जान्छु, आश्चर्य छैन कि यदि यो चल्न छोड्छ भनि?" त्यो चलिनै रहेको छ...

138 एउटा बूढो किसानले मलाई भन्नुभएको थियो, भन्नुभयो, "मेरो हजुरबुवाले त्यहाबाट पिउनुभयो।" र भन्नुभयो, "यो कहिल्यै घटेको छैन या केहि भएको छैन। यो अझै पनि त्यहि कूवा छ, यो सधै त्यो निलो नदीमा बढिरहेको हुन्छ।"

139 मैले सोचे, "ओ, पानीको लागि कति राम्रो ठाउ छ!" म लगभग एक माईल बाटोबाट बाहिर हिडेर आउथे, त्यो ठाउमा पुग्नको लागि, किनकि त्यो यस्तो वास्तविक स्थान थियो पिउनको लागि। ओ, कति असल थियो त्यो पानी! ओ हो।

म—म त्यो मरुभूमिमा निस्कन्थे, अहिले एरिजोनामा, म अझै पनि त्यसको विषयमा सोच्दछु, "त्यो तलको अद्भूत कूवालाई, यदि म त्यहि पल्टिन पाए!"

जसरी दाऊदले एक पटक भनेका थिए, "ओ, यदि मैले फेरी एकपटक त्यो कूवाबाट पानी पिउन पाए!" यदि उनी मात्र त्यहाँ पुग्न पाए।

140 र म एकदिन तल बसे, र त्यहाँ थोरै हास उठ्दो कुरा मसंग भएको थियो। र मैले भने, "के कुराले तिमीलाई सधै यति धेरै खुसी बनाउछ? कास म त्यस्तै खुसी हुन पाए त। किन, म यहा आएको दिन देखि, मैले तिमीलाई कहिल्यै दुखि देखेको छुइन। त्यहाँ तिम्रो विषयमा कुनै एउटा पनि दुखि कुरा छैन।" मैले भने, "तिमी सधै आनन्दले भरिपूर्ण छौ। तिमी उफ्रदै र रमाउदै भल्को मार्छौ। जाडो याम होस् या गर्मी याम होस्, चिसो होस् या तातो होस्, जे सुकै होस्, तिमी सधै आनन्दले भरपूर छौ। के कुराले तिमीलाई यस्तो बनाउछ...? के, के हो त्यो? मैले तिमीबाट पिएको कारणले हो?"

"होइन।"

मैले भने, "अँ, हुनसक्छ खरायोले तिमीबाट पिउछ होला, र तिमीलाई त्यो एकदमै मन पर्छ।"

"होइन।"

मैले भने, "अ, के कुराले तिमीलाई त्यति भल्को मार्ने बनाउछ? के कुराले तिमीलाई यति धेरै खुसी बनाउछ? के कुराले तिमीलाई सधै आनन्दले भरपूर पार्छ?" भने, "कि यो चराहरुले तिमीबाट पिउछ त्यसैले हो?"

"होइन।"

"किनकि मैले तिमीबाट पिउछु त्यसैले?"

"होइन।"

मैले भने, "अ, के कुराले तिमीलाई यति आनन्दले भरपूर पार्छ?"

141 र यदि त्यो कूवाले मसंग बोल्न सक्ने भईदिएको भए, उसले यो भन्नेथियो, "भाई ब्रन्हाम, तिमीले पिएको कारणले होइन, म त्यो कदर गर्छु, न पन्छीहरुलाई मैले पिलाएको कारणले हो। म सबैको लागि प्रस्तूत हुन्छु जो पिउन चाहन्छन्। मात्र काम तिमीले गर्नपर्ने यो हो कि आएर पिऊ। तर के कुराले मलाई खुसी बनाउछ, यसले मलाई भल्को मार्दैन, यो भित्र केहि छ, जसले मलाई धकेल्दछ। यो त्यो हो जसले मलाई भल्को मार्दछ।"

142 र त्यहि नै तरिकामा आत्माले भरिपूर्ण जीवनमा हुदछ। जसरी येशुले भन्नुभयो, उहा भित्र हुनुहुन्थ्यो...बुभ्नुभो, उहाले तपाईलाई अमर जीवनसम्म पानीको कूवा दिनुहुन्छ, उम्लिरहेको कूवा, भरिने गरि बढि भएर लगातार बगिरहन्छ। चाहे बाकि रहेका मण्डलीहरु माथि या तल होस्, तपाई अझै पनि त्यहि कूवामा हुनुहुन्छ।

किन तपाई त्यो पूरानो नामधारी संस्था प्रणाली र कुण्डलाई लिनुहुन्छ, जुन परजीवी र सबैकुराले भरिएको छ, त्यस दुर्गन्धित कुराहरुबाट पिउनुहुन्छ, जबकी तपाईलाई त्यो मुहानमा निमन्त्रणा गरिएको छ, त्यो उम्लिरहेको कूवामा?

143 म सोच्दछु कि कसरी यसले बस धक्का दियो, र छछल्कीयो, र—र गदगद भयो, र हास्यो, र आनन्दित भयो, उफ्रियो, र चंचल भयो। जाडो, झरी; गर्मी, सुक्खा, जब सबै देशको बाकि कुराहरु सुख्दै थियो, यसले सधैँभैँ भल्को मारिनै रह्यो। किनकि यसले गहिरोमा जरा बसालेको थियो, धेरै तल चट्टानमा जहाँबाट यो आउदछ।

144 ओ, मलाई त्यो वेगले बग्नेद्वारा जिउन दिनुहोस्! तपाईको इच्छा भए तपाईको सबै मानव निर्मित प्रणाली लिनुहोस्, सबै तपाईको पुरानो दुर्गन्धित इनारहरु लिनुहोस्, तर मलाई आउन दिनुहोस्...या दुर्गन्धित कुण्डहरु। तर, मलाई यो मुहानमा आउनदिनुहोस्, मलाई त्यहा आउन दिनुहोस् जहा उहा मात्र भरिपूर्ण हुनुहुन्छ। उहा मेरो आनन्द हुनुहुन्छ। उहा मेरो ज्योति हुनुहुन्छ। उहा मेरो—उहा मेरो बल हुनुहुन्छ। उहा मेरो पानी हुनुहुन्छ। उहा मेरो जीवन हुनुहुन्छ। उहा मेरो चंगाईदाता हुनुहुन्छ। उहा मेरो मुक्तिदाता हुनुहुन्छ। उहा मेरो राजा हुनुहुन्छ। सबै कुरा जुन मलाई आवश्यक छ त्यो उहामा पाईन्छ। किन म त्यो बाहेक अरू केहीमा जानू?

145 भाई, बहिनी, के तपाई आज राती यो मुहानमा आउनुहुन्न? के आउनुहुन्न, यदि तपाई त्यहा कहिल्यै पनि पुग्नुभएको छैन भने, के आज राती हामी शिर झुकाउदै गर्दा यो प्राप्त गर्नुहुन्छ?

146 फुटेको कुण्डहरु, चुहिदै, फुत्किदै, संसार यस भित्र चुहिएको छ, त्यो धन्सारबाट घृणित कुरा र अरु दिनहरुमा चुहिएको छ। किन यो कूवा, त्यो चिजहरु यो महान् मुहान जुन रगतले भरिएको छ, जुन इम्मानुएलको नशाबाट झरेको छ, त्यसमा बस्न सक्दैन? किन तपाई आज राति यो प्राप्त गर्नुहुन्न? आज राति यस सुक्खा र तिर्खाएको जमिनमा परमेश्वरले हामीलाई मद्दत गर्नुभएको होस्। जसरी अगम्वाक्ताले भनेका थिए, "उहा सुक्खा

जमिनमा चट्टान हुनुहुन्छ।" उहा त्यो मुहान हुनुहुन्छ। के तपाई आफ्नो हृदयमा, प्रार्थना गर्दैगर्दा, उहा कहा आज राति आउनुहुन्न?

147 प्रिय स्वर्गीय पिता, त्यहा अर्को कुनै मुहान छैन, जसै संगीत बजिरहेको छ, "कुनै अर्को मुहान म जान्दिन; केहि छैन मात्र येशुको रगत।" म त्यहा जन्मिए, म त्यसैमा हुर्काईए म त्यसैमा जिउन चाहन्छु, र त्यसैमा मर्न चाहन्छु, र त्यसैमा बौरी उठ्न चाहन्छु, उहाको उपस्थितिमा। सधै, प्रभु, मलाई उहाको उपस्थितिममा हुन दिनुहोस्, किनकि त्यहा म अरू कोहि जान्दिन। कनै धर्मपंथी होइन, कुनै प्रेम होइन: कुनै प्रेम होइन तर ख्रीष्ट, कुनै धर्मपंथी होईन तर ख्रीष्ट, कुनै पुस्तक होइन तर बाईबल, केहि अरु कुरा छैन, उहा बाहिर कुनै आनन्द छैन। मबाट उहालाई लैजाउ, ओ परमेश्वर, चाहे जतिसुकै संसार किन नाजितू, त्यो—त्यो अझै पनि मृत हुन्छ, म आफ्नो शिरभन्दा माथि मेरो हातलाई घुमाई रहन्छु। उहालाई मबाट लिऊ, म गइसकेको हुनेछु, प्रभु। तर उहालाई मभित्र हुन दिनुहोस्, तब डिसेम्बर महिना मे महिना जत्ति कै असल हुनेछ, तब त्यहाँ कुनै गर्मी स्थान र सुक्खा स्थान हुनेछैन, मृत्यु आफैमा पनि विजय छैन। हामीमा उहालाई हुन दिनुहोस्, पिता। प्रत्येक विश्वासीमा आज राति उहा प्रशस्त दिनुहोस्, जसै तिनीहरु यस कोठामा प्रतिक्षा गरेका छन्।

148 धेरै जना लामो दूरीमा गाडि कुदाई सडकबाट आज राति जानुपर्नेछ, जसै तिनीहरु घरमा जाँदछन्, र यो तिनीहरुको सोचाई भएको होस्, "म त्यो मुहानमा जिउदैछु। म त्यहाँ बाँचिरहेको छु, स्वच्छ गरि जिउदैछु, घण्टा घण्टामा पिउदैछु।"

149 र यदि तिनीहरुले यो अझै पनि प्राप्त गरेका छैनन् भने, तिनीहरुले अहिले नै उहालाई प्राप्त गर्न सकेको होस्, ताकि तिनीहरुले मुहान आफूसंगै लान सकेकोहोस्। "म तिमीहरुसंग जानेछु; म तिमीहरुसंग संसारको अन्त्यसम्म साथ रहनेछु।" यी कुराहरु प्रदान गर्नुहोस्, पिता।

150 र अब हाम्रो शिर झुकिरहदा, के यहा कोहि हुनुहुन्छ, आज राति, या कति जनाले भन्नुहुनेछ, "प्रभु, मलाई केवल अहिले त्यो मुहानमा लानुहोस्। म यहा सुन्नलाई मात्र कहिल्यै आईन; म यहाँ केहि कुरा भेट्टाउनलाई आएको छु। म यहाँ तपाईलाई भेट्टाउन आए, प्रभु। मलाई आज राति तपाइको खाँचो छ। ठिक अहिले मेरो हृदयमा आउनुहोस्। के तपाई त्यसलाई गर्नुहुन्छ, प्रभु?" परमेश्वरले तपाईलाई आशिष दिऊन्। प्रभुले तपाई प्रत्येकलाई आशिष दिऊन्।

151 पिता, तपाईले हातहरु देख्नुभएको छ, माथि पनि र पर्खालको चारैतिर, र अरू कोठाहरुमा पनि, बाहिर पनि। तपाईले—तपाईले तिनीहरुलाई देख्नुभएको छ, पिता। म—म प्रार्थना गर्छु कि तपाईले तिनीहरुको सबै आवश्यकता आपूर्ति गर्नुहुनेछ। हुनसक्छ तिनीहरुले कुनै पुरानो कुण्डबाट पिईरहेका छन्, प्रभु, मात्र केहि आधा-बाटो रोकिने ठाउमा जहा कुनै मानिसले कुण्ड खनेको छ, यो ती सबै अचम्म खालका सिद्धान्तहरु जसले वचन इन्कार गरेको छ त्यसले दूषित तूल्याएको छ। म प्रार्थना गर्छु, परमेश्वर, कि आज राति तिनीहरु उहाकहा आउनेछन् जो त्यही मुहान हुनुहुन्छ, त्यो जीवनको मुहान हुनुहुन्छ। प्रदान गर्नुहोस्, पिता। म तिनीहरुलाई तपाईमा सुम्पदछु येशु ख्रीष्टको नाउमा।

152 र तपाईले मलाई भन्नुभयो, “यदि तिमीहरुले केहि कुरा मेरो नाउमा माग्यौ भने, त्यो पुर्याइनेछ।” अब, म यो माग्दिनथे, प्रभु, यदि मैले यो पुरा हुदैन भनि सोचेको भए। मैले— मैले मात्र एक धर्म रीतिको तौरले भनेको हुने थिए। तर म तिनीहरुको निम्ति इमान्दारीता साथ प्रार्थना गर्दछु। म तिनीहरुको निम्ति यो विश्वासका साथ प्रार्थना गर्दछु कि तपाईले तिनीहरुमा गर्नुभएको प्रतिज्ञा तिनीहरुलाई प्रदान गर्नुहुनेछ।

153 र अब म तिनीहरुलाई आज राती त्यो कुण्डबाट टाढा ल्याउदछु। म तिनीहरुलाई त्यो स्थानबाट टाढा ल्याउदछु जुन ठाउबाट तिनीहरु पिईरहेका थिए, जहा तिनीहरु सन्तुष्ट छैनन्; त्यसबाट यस मुहानमा तिनीहरुलाई ल्याउदछु। म यो येशु ख्रीष्टको नाममा गर्दछु।

154 तिनीहरु तपाईका हुन्, प्रभु। तिनीहरुलाई तपाईबाट पिउन दिनुहोस्, जीवित पानीबाट, जीवित पानीको मुहानबाट। येशु ख्रीष्टको नाउमा म माग्दछु। आमेन। प्रदान गर्नुहोस्, प्रभु।

ओ, त्यो प्रवाह अमूल्य छ
जसले मलाई हिऊ जस्तै सेतो बनाउछ;
अरू कुनै मुहान म जान्दिन,
अरू होइन येशुको रगतले

के ले मेरो पाप टाढा धुलाउदछ?
अरू होइन येशुको रगतले;
के ले मलाई फेरी पूर्ण बनाउछ?
अरू होइन येशुको रगतले।
ओ,...

येशु, यी चंगाई गर्नुहोस्, प्रभु! प्रदान गर्नुहोस्, प्रभु, येशु ख्रीष्टको नाउद्वारा। म प्रार्थना गर्दछु, परमेश्वर, कि तपाई...?...तपाई सबै कुराहरु जान्नुहुन्छ

अरू कुनै मुहान म जान्दिन,
अरू होइन येशुको रगतले...

155 यस विषयमा सोच्नुहोस्, अरु कुनै मुहान म जान्दिन! म उहाबाहेक अरू केहि जान्दिन। म उहा बाहेक अरू केहि जान्न चाहदिन। अरू होइन येशुको रगत! ओ!

ओ, त्यो प्रवाह अमूल्य छ
जसले मलाई हिऊ जस्तै सेतो बनाउदछ;
अरू कुनै मुहान म जान्दिन,
ओ, अरू होइन येशुको रगतले।

156 हामी त्यो फेरी गाउदै गर्दा, हामी एक अर्काको हात मिलाऔ। के तपाईले एकअर्कालाई प्रेम गर्नुहुन्छ? के यहा कोहि छ जो संग एकअर्काको विरुद्धमा केहि छ? यदि छ भने जानुहोस् र ठिक बनाउनुहोस्। गर्नुहुन्छ? त्यसलाई यत्तिकै यहि नछोडौ। बुझ्नुभयो? यदि तपाईसंग कसैको विरुद्धमा केहि छ भने, तपाई जानुहोस र त्यसलाई ठिक बनाउनुहोस्, ठिक अहिले गर्नुहोस्। ठिक अहिले तपाईलाई अवसर छ, गएर भन्नुहोस्, “भाई, बहिनी,

मैले तपाईको विषयमा केहि भने, मैले केहि अर्कै सोचे। मैले त्यो गर्न खोजेको थिईन। मलाई क्षमा दिनुहोस्।" बुझ्नुभयो, त्यो तरिकामा हो गर्ने। आउनुहोस् ठिक हाम्रो माझमा मुहानलाई हुन दिनुहोस्, प्रत्येक समयमा। बुझ्नुभयो?

अरू कुनै मुहान म जान्दिन,
अरू होइन येशुको रगतले।

ओ, त्यो प्रवाह अमूल्य छ
जसले मलाई हिऊ जस्तो सेतो बनाउदछ;
ओ, अरु कुनै मुहान म जान्दिन,
अरू होइन येशुको रगतले।

157 ओ, के उहा अद्भूत हुनुहुन्न? कुनै अरु मुहान छैन! हामी अफैलाई अरू कुराहरुले दूषित बनाउनेछैनौ। हामी अलग गरिएका हौ, संसारलाई पछाडि छोडेर आएका हौ। हामी कुनै पनि मिश्रको लसून या फुटेको कुण्डहरु चाहदैनौ। हामी प्रभु येशु संगको यात्रामा छौ, त्यो प्रहार गरिएको चट्टानसंग, आमेन, माथिबाटको मन्न खादै, र पिउदै; स्वर्गदूतहरुको खाना खादै, र चट्टानबाट पिउदै। आमेन।

कुनै अरू मुहान म जान्दिन,
अरू होइन येशुको रगतले

अब आउनुहोस् हाम्रो शिर निहुर्याऔ।

158 यो प्रार्थना गर्दै कि परमेश्वरले तपाईहरु प्रत्येकलाई यति धेरै आशिष दिएको होस्, ताकि आउने हप्तामा उहाको अनुग्रह र कृपा तपाईसंग रहेकोहोस्। र यदि केहि पनि हुन आएमा, तब तपाई मध्ये एक अब घुम्टोबाट बाहिर निक्लनुहुनेछ, मात्र यो याद राख्नुहोस् कि केवल केहि घण्टाको सुताई र विश्राम हुनेछ जबसम्म हामी भेट्नेछैनौ। यो याद गर्नुहोस्, कि, "तिनीहरु जो जीवित छन् र रहेकाहरुले कुनै पनि रीतिले सुतिगईकाहरुलाई उछिन्नेछैनन्, किनकि परमेश्वरको तुरही, त्यो अन्तिम तुरहीमा..." छैठौवाला भर्खरै बजेको छ। र त्यो अन्तिम तुरही, जस्तो कि अन्तिम मोहोर, त्यो प्रभुको आगमन हुनेछ। "त्यो बज्नेछ, र ख्रीष्टमा मरेकाहरू पहिले जीवित भई उठ्नेछन्।" त्यो समयसम्मको लागि विश्राम लिईरहेका छन्।

159 यदि तपाईलाई चोट लगाइनु पर्छ भने, याद गर्नुहोस्

येशुको नाउ तपाईसंग लिनुहोस्,
हर जालबाट एउटा ढालको रूपमा
र जब परीक्षा वरपर भेला हुन्छ,
मात्र त्यो पवित्र नाम प्रार्थनामा श्वास फेर्नुहोस् (दुष्ट भाग्नेछ)

160 मात्र याद गर्नुहोस्, हामी तपाईहरुलाई आउदो आईतबार भेट्ने आशा राख्दछौ। विरामी र दुःखीलाई ल्याउनुहोस्। म तपाईहरुको लागि प्रार्थना गरिरहनेछु। तपाईले मेरो निम्ति प्रार्थना गर्नुहोस् अब। के तपाईले गर्नुहुन्न? भन्नुहोस्, "आमेन।" [सभाले

भन्छन्, "आमेन।"—सम्पा] म तपाईहरुको निम्ति प्रार्थना गर्नेछु, कि परमेश्वरले आशिष दिनुहुनेछ।

...प्रार्थनामा नाउ।

अमूल्य नाउ, अमूल्य नाउ, ओ कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द;
अमूल्य नाउ, ओ कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द।

येशुको नाउमा झुक्दछौ,
उनको पाउमा पराजित भई झूकी,
स्वर्गका राजाहरुका राजालाई ताज पहिराउदछौ,
जब हाम्रो यात्रा पूरा हुदछ।

अमूल्य नाउ, अमूल्य नाउ,(के यो मिठो र अमूल्य छैन?)
पृथ्वीको आशा र स्वर्गको आनन्द;
अमूल्य नाउ, अमूल्य नाउ, ओ कति मिठो!
पृथ्वीको आशा र स्वर्गको आनन्द

161 तपाईहरुबाट छुट्टिन सधै गाह्रो हुन्छ। यद्धपि मलाई थाहा छ कि तपाई जल्दै हुनुहुन्छ, तर त्यहा मात्र केहि यस्तो...आउनुहोस् अझै एउटा केहीको अन्तरा, के तपाई त्यो गर्नुहुन्छ?[सभाले भन्छन्, "आमेन।"—सम्पा] के तपाई गाउनुहुन्छ? *धन्यको हो त्यो डोरी जसले बाँध्दछ*, बहिनी। कति जनालाई आउछ यो पूरानो गीत? हामीले यो धेरै वर्ष अगाडि गाउने गर्थ्यौं।

162 मैले विचार गर्दैथिए, आज राती, "सय हातहरु मध्ये दुइवटा हात बाँकी छ," जब हामीले त्यो गीत मण्डलीको चारैतिर गाउने गर्थ्यौं, र एकअर्काको हात समाउथ्यौ। *धन्यको हो त्यो डोरी जसले बाँध्दछ।* मैले धेरै जनाको अन्तिम संस्कार गरेको छु, ठिक यहा माथि कब्रस्थानमा। तिनीहरु पर्खिरहेका छन्। म तिनीहरुलाई फेरी देख्नेछु। म तिनीहरुलाई देख्नेछु, एक समयमा, एउटा दर्शनमा, जब मैले घुम्टो पछाडि हेरे। तिनीहरु त्यहाँ छन्।

आउनुहोस् हाम्रो शिर झुकाऔ जसै हामी गाउदछौ।

धन्यको हो त्यो डोरी जसले बाँध्दछ
हाम्रा हृदयहरु इसाई प्रेममा;
त्यो संगति...
जुन माथिको जस्तो छ

जब हामी...

अब त्यहा जानुहोस् र कसैको हात पक्रनुहोस्।

...टुक्रा भाग

अब तपाईको शिर झुकाउनुहोस्।

यसले हामीलाई भित्रि दुखाई दिन्छ;
तर हामी अझै पनि हृदयमा जोडिनुपर्छ,
र फेरी भेट्ने आशा गर्छौं।

163 हाम्रो शिर झुकाएर। म अब सेवा पाष्टरलाई दिदछु, र विषर्जन गर्दछु...

**फुटेका कुण्डहरु** NEP64-0726E

(Broken Cisterns)

यो संदेश भाई विलियम ब्रन्हामद्वारा आईतबार साँझमा, जुलाई 26, 1964 मा ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डीयाना, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2017 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org